जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ३२, २०७८ साल फागुन २७ गते शुक्रबार, नेपाल संवत् ११४२ (March. 11, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## नेतृत्व छान्दै इन्जिनियरहरू

काठमाडौं । इन्जिनियरहरूको छाता संगठन नेपाल इन्जिनियर्स एसोसिएसनको ३३औं कार्यसमितिका लागि शुक्रबार चुनाव हुँदै छ । चुनावमा विभिन्न पार्टीनिकट एकल तथा गठबन्धन गरेर पाँच प्यानल प्रतिस्पर्धामा उत्रेका छन् । देशमा अहिलेसम्म ५२ विधामा ६७ हजार इन्जिनियर उत्पादन भइसकेका छन् । त्यसमध्ये करिब ४० हजार इन्जिनियर नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएका छन् । तीमध्ये पनि २२ हजार इन्जिनियरले नयाँ नेतृत्व चयनका लागि भाग लिँदै छन् । बाँकी ८ पेजमा

## युक्रेन युद्धमा चीनले मध्यस्थता गर्ने

काठमाडौं । चीनका राष्ट्रपति सी जिनपिङले युक्रेनको युद्धमा मध्यस्थता गर्न चीन अन्तर्राष्ट्रिय समुदायसँग 'सक्रिय' रुपमा काम गर्न इच्छुक रहेको बताएका छन् । पश्चिमा मुलुकहरूले रुसमाथि लगाएको प्रतिबन्धमाथि चीनले गरेको विरोधलाई उनले पुनः दोहोर्‍याएका छन् ।

जर्मनीका चान्सलर ओलाफ सोल्ज र फ्रान्सेली राष्ट्रपति इम्यानुअल म्याँक्रोसँगको टेलिफोन वार्तामा राष्ट्रपति सीले युक्रेनको अवस्था 'चिन्ताजनक' बाँकी ८ पेजमा

# युक्रेनको नियतितर्फ देशलाई धकेल्दै सरकार


काठमाडौं । रुस–युक्रेन युद्धको बाछिटा नेपालसम्म आइपुगेको छ । शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकार रुसको खिलाफमा र युक्रेनको पक्षमा उभिएको छ । नेपालले रुसको विपक्षमा विज्ञप्ति मात्र निकालेन, संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदमा युक्रेनको पक्षमा मत दियो । आपतकालीन अवस्थामा बोलाइएको राष्ट्रसंघीय महासभाको बैठकमा युक्रेनको पक्षमा नेपालले आफ्नो धारणा राख्यो । जबकि नेपालका दुई छिमेकी मुलुक चीन र भारत तटस्थ बसे । नेपालले अवलम्बन गरेको विदेश नीति असंलग्न हो । रुस–युक्रेन युद्धको विषयमा नेपालले युक्रेनको पक्ष लिएपछि असंलग्न परराष्ट्र नीतिको आधार भत्किएको कूटनीतिक विश्लेषकहरूको भनाइ छ । अमेरिका र युरोपेली संघको चर्को दबाबपछि नेपाल रुसको विरोधमा उभिएको रहस्य उजागर भएको छ ।

नेपालको संविधान २०७२ ले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नै राष्ट्रिय हितका आधारभूत विषय हुनेछन् भनी किटान रहेको छ (धारा ३) । संविधानले यसका लागि निर्देशक सिद्धान्त र नीति नै सुझाएको छ । नेपालले अपनाउनुपर्ने



विदेश नीतिका सवालमा संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मानयताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र नीति सञ्चालन गर्ने भनेको छ । (धारा ५१.ङ१) । यही संवैधानिक व्यवस्थाको आलोकमा नेपालको राष्ट्रियता सम्बर्द्धन गर्न, उपयुक्त विदेश नीति निर्धारण र सञ्चालन गर्ने आधिकारिक राजनीतिक निकाय मन्त्रिपरिषद् र प्रशासनिक निकाय परराष्ट्र मन्त्रालय हो ।

रुस–युक्रेन युद्ध यी दुई देशसँग मात्रै



सम्बन्धित छैन भन्ने कुरा उत्तर एटलान्टिक सन्धि संगठन () मा आबद्ध मुलुकहरूको गतिविधि र चीन तथा भारतले अपनाएको तटस्थताले प्रस्ट पारिसकेको छ । युक्रेनको पक्षमा उभिनु भनेको अमेरिकी ध्रुवमा आबद्ध भएसरह हो भन्ने यथार्थतालाई बिर्सन मिल्दैन । रुसले युक्रेनमाथि आज जे गरिरहेको छ, हिजो अमेरिकाले इराक, अफगानिस्तान, सिरिया, भियतनाम लगायत मुलुकमाथि यसै गरेको थियो । तर त्यतिबेला नेपाल तटस्थ बसेको थियो । बंगलादेश, श्रीलंका, पाकिस्तान समेत रुस–युक्रेन मामिलामा पक्ष विपक्षमा उभिएनन् । तर नेपाल भने सिधै अमेरिकी ध्रुवमा खडा भयो । जब संसदले कथित व्याख्यात्मक घोषणा भन्दै इन्डो प्यासिफिक स्टाट्रेजीको अभिन्न अंग एमसीसी परियोजनालाई अनुमोदन गर्‍यो प्रस्ट भएको छ कि नेपाल अमेरिकी सुरक्षा छाताभित्र गइसकेको छ ।

तत्कालीन सोभियत संघका १४ वटा टुक्रामध्ये रुस र युक्रेन एक एक टुक्रा हुन् । रुस तत्कालीन सोभियत संघको उत्तराधिकारी मुलुक हो । युक्रेन तत्कालीन सोभियत संघको उत्तराधिकारी मुलुक होइन । तत्कालीन सोभियत संघसँग नेपालको दौत्य सम्बन्ध स्थापना भएको सात दशक नाघिसकेको छ । जनकपुर चुरोट कारखाना, वीरगन्ज चिनी कारखाना, कृषि सामग्री लिमिटेड, पनौती जलविद्युत् आयोजना, कान्ति बाल अस्पताल, पूर्व पश्चिम महेन्द्र राजमार्गको १ सय ९ किलोमिटर खण्ड तत्कालीन सोधियत संघले अनुदानमा निर्माण गरिदिएको हो । नेपालका दस हजारभन्दा बढी विद्यार्थीले सोभियत संघबाट छात्रवृत्तिमा उच्च शिक्षा हासिल गर्ने अवसर पाएका छन् । केही भूभाग टुक्रिए पनि तत्कालीन सोभियत संघसँग जति सैन्य शक्ति, आणविक हतियार र आर्थिक सामर्थ्य थियो करिब नै शक्ति र सामर्थ्य रुससँग छ । सोभियत संघको विघटनपछि विश्व अमेरिकी ध्रुवमा मात्रै केन्द्रित भएको मान्न रुस तयार छैन । आणविक हतियारमा अमेरिका भन्दा रुस नै शक्तिशाली छ । अमेरिकाले अघि सारेको एक ध्रुवीय विश्वको अवधारणालाई रुसले दृढतापूर्वक अस्वीकार मात्रै गरेको छैन आफूलाई एउटा ध्रुवका रुपमा उभ्याउँदै आएको छ । युक्रेनमाथिको आक्रमण रुसको युद्ध उन्माद नभएर अमेरिकालाई दिएको चुनौतीको रुपमा बुझ्नुपर्छ ।

युक्रेनी संसदले युक्रेन को सदस्यता लिने प्रस्ताव अनुमोदन गरेसँगै राष्ट्रपति जेलेन्स्कीले सदस्यता माग गर्दै दस्तखत गरेपछि रुस रुष्ट बनेको हो । राष्ट्रपति जेलेन्स्कीले युरोपेली युनियनको सदस्यका रुपमा युक्रेनलाई रुसविरुद्ध उभ्याउन खोजेपछि रुस थप सतर्क बन्यो । राजनीतिका कच्चा खेलाडी जेलेन्स्कीका हठका कारण अहिले युक्रेन खरानी भइरहेको छ । युक्रेन कसैसँग नडराउने र कसैलाई केही नदिने भन्दै रुसविरुद्ध उभिएका जेलेन्स्की यतिबेला नाटोको सदस्यता नलिने घोषणा गर्न बाध्य भएका छन् । रुसले १२ घन्टा युद्ध बिराम गर्दै सर्वसाधारण युक्रेनीहरूलाई देश छोड्न समय दिएपछि जेलेन्स्की झस्किएका छन् । दोनेत्स्क र लुहान्सवलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने रुसी घोषणाले युक्रेनको सार्वभौमिकता र अखण्डतालाई चुनौती दिएको बाँकी ८ पेजमा

## चिनियाँ विदेशीमन्त्री नेपाल आउँदै



काठमाडौं । चीनका विदेशमन्त्री वाङ यी चैत दोस्रो साता दुईदिने भ्रमणका लागि काठमाडौं आउने भएका छन् । नेपाल सरकारकै निम्तोमा विदेशमन्त्री वाङको भ्रमण हुन लागेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ । भ्रमणले नेपाल र चीनबीच सतहमा देखा परेको पछिल्लो असहज सम्बन्धलाई सम्बोधन गर्ने आकलन गरिएको छ । अमेरिकी सहयोग निकाय एमसीसीसँग विद्युत् र सडक पूर्वाधारसम्बन्धी परियोजनाका लागि चार वर्षअघि भएको सम्झौता संसद्बाट अनुमोदन भएपछि चीनले पनि भूराजनीतिक सरोकारको बाँकी ८ पेजमा

## ओरालो लाग्दै नेपाली अर्थतन्त्र

काठमाडौं । पछिल्लो समय मुलुकको अर्थतन्त्र झन् बिग्रँदै गएको देखिन्छ । शोधनान्तर स्थिति, मुद्रास्फीति, विप्रेषण आप्रवाहमा सिमान्त बढोत्तरी, विदेशी मुद्रा सञ्चिति, व्यापारघाटालगायत सूचक हेर्दा अर्थतन्त्रमा झनै संकटतर्फ उन्मुख छ । सरकारी क्षेत्रबाट हुने सामान्य र औसत गतिको प्रयासबाट मात्रै आर्थिक सूचकहरू सुधार्न नसकिने हुन्छ । त्यसैले सबै क्षेत्रको सहभागिता आवश्यक छ । आर्थिक संकटको जोखिम निम्तन नदिन सबै दलबीच 'न्यूनतम साझा धारणा' आवश्यक रहेको महसुस भएको छ । कोभिड महामारी संकट बाँकी ८ पेजमा

## इमरान खानविरुद्ध अविश्वासको प्रस्ताव



काठमाडौं । पाकिस्तानका प्रधानमन्त्री इमरान खानविरुद्ध अविश्वासको प्रस्ताव पेस भएको छ । विपक्षी दलहरूको गठबन्धन पाकिस्तान डेमोक्रेटिक मुभमेन्ट (पीडीएम)ले प्रधानमन्त्री खानविरुद्ध अविश्वास प्रस्ताव पेस गरेको हो । लाहोरमा केही हप्ता अगाडि बसेको मुभमेन्टको बैठकमा यसका प्रमुख फजजुर रहमानले वर्तमान सरकारलाई अवैध भन्दै अविश्वास प्रस्ताव पेस गर्नुपर्ने बताएका थिए । त्यसका लागि सबै सहयोगी दलहरूसँग सम्पर्क गर्ने र सरकारको समर्थन फिर्ता लिन बाँकी ८ पेजमा

## पञ्जाबमा आम आदमी पार्टी



काठमाडौं । भ्रष्टाचारविरोधी आन्दोलनबाट भारतको राजधानी दिल्लीमा सरकार बनाउन सफल भएको आम आदमी पार्टी (आप) ले पञ्जाब विधानसभा चुनावमा ठूलो सफलता हात पार्ने निश्चित भएको छ । फेब्रुअरी २० मा भएको विधानसभा चुनावको नतिजा बिहीबार बिहानदेखि आउन सुरु भएको हो । हालसम्म प्राप्त नतिजा अनुसार ११७ सिट रहेको पञ्जाब विधानसभामा आपले झन्डै दुई तिहाई मत प्राप्त गर्ने देखिन्छ । १ सय १७ सिट रहेको बाँकी ८ पेजमा

## महान शहिदहरूको सम्झनामा स्मृति सभा



काठमाडौं । २०२९ साल फागुन २१ गते अर्थात ४९ बर्ष पहिले आजकै दिन तत्कालिन निरंकुश तथा तानाशाही पञ्चायती शासनले वर्गीय मुक्ति आन्दोलनका निम्ति संघर्षरत ५ जना होनहार युवा क्रान्तिकारीहरू क.कृष्ण कुँइकेल, क. नारायण श्रेष्ठ, क.नेत्र घिमिरे, बाँकी ८ पेजमा

## महाकालीको बहाव फर्काउँदै भारत

काठमाडौं । बर्खामा महाकालीको भेल दार्चुला सदरमुकाम खलंगातिर उर्लिने गरी भारतले नदीको धार नै परिवर्तन गरेको छ । तटबन्ध निर्माणका नाममा नेपालतर्फ रहेका ढुंगा आफ्नोतर्फ लगेर पानीको बहाव खलंगातर्फ एकोहोर्‍याएको हो । सीमा नदीमा नेपालको प्रशासनसँग समन्वय नै नगरी महाकाली नगरपालिका- ४ क्षेत्रमा एकतर्फी एक्स्काभेटर लगाएपछि मंगलबार विरोधमा उत्रिएका स्थानीय नेपालीमाथि भारतीयबाटै ढुंगा प्रहारसमेत भएको छ । त्यसपछि नेपालीले पनि ढुंगा प्रहार गरी प्रतिकार गरेका छन् । दुई देशका स्थानीयबीच एक घन्टासम्म ढुंगा हानाहान भएको प्रत्यक्षदर्शीले बताए ।

एक्स्काभेटर रोक्ने विषयमा दुवैतर्फका नागरिकबीच ढुंगा हानाहान भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका इन्स्पेक्टर माधव विश्वकर्माले बताए । भारतीय पक्षले नेपालको प्रशासनलाई जानकारी नगराई काम गरेका कारण ढुंगा हानाहानको स्थिति बनेको दार्चुलाका



प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताए ।

भारतीय पक्षले पुरानो तटबन्धसँगै महाकालीमा नेपालतर्फ आठदेखि दश मिटर चौडाइ र १० मिटर उचाइको तटबन्ध निर्माणको काम सुरु गरेको छ । तटबन्ध निर्माणसँगै झोलुङे पुल क्षेत्र, बंगाबगड र डुमपानी क्षेत्रमा नदीको भाग साँघुरो हुने र महाकाली फर्किने खतरा बढेको स्थानीय बताउँछन् ।

भारतले समन्वयमा कन्ज्युस्याइँ गर्दा वेलावेलामा सीमा क्षेत्रमा विवाद हुने गरेको छ । अहिले भारतले आफ्नोतर्फबाट पक्की तटबन्ध निर्माणको काम अघि बढाएको छ । सीमा क्षेत्रमा ठूला पक्की संरचना निर्माण गर्दा दुवै देशको सहमति आवश्यक भए पनि भारतले बेवास्ता गरेको प्रशासनको भनाइ छ । अन्तर्राष्ट्रिय सन्धि-सम्झौताअनुसार सीमा नदीको बहावलाई असर पर्ने गरी कुनै पनि मुलुकले एक-अर्काको सहमतिविना भौतिक संरचना निर्माण गर्न पाइँदैन ।

गत माघमा दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले नेपाल भारतका अधिकारीहरूको बैठकमा तटबन्धको विषयमा भारतीय पक्षलाई जानकारी दिन ध्यानाकर्षण गराएका थिए । बैठकमा तटबन्धले नेपाली भूभागतिर केही असर नगर्ने प्रतिबद्धता जनाउँदै भारतीय पक्षले केही समयभित्रै तटबन्धबारे विस्तृत जानकारी दिने भनेको थियो । बैठक सम्पन्न भएको एक महिना बितिसक्दा पनि अझै पनि भारतीय पक्षले तटबन्धबारे कुनै जानकारी नदिएको छैन । नेपालले साढे चार किलोमिटर पक्की तटबन्ध निर्माण गर्दा भारतीय पक्षसँग समन्वय गरेको थियो । त्यति गर्दा पनि भारतले भने तटबन्ध निर्माणमा अवरोध गरेको थियो ।

## बूढीगण्डकी आयोजना अलपत्र

काठमाडौं । राजनीतिक दलहरूका आआफ्नै स्वार्थका कारण मुलुकका लागि महत्त्वपूर्ण मानिएको १२ सय मेगावाटको जलायशयुक्त बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण अलपत्र बनेको छ । अहिलेसम्म आयोजनाका लागि केही जग्गा अधिग्रहण गर्ने बाहेक अन्य प्रगति भएको छैन ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ असोज ६ मा यो आयोजना बिनाप्रतिस्पर्धा चिनियाँ कम्पनी गेजुबा गुप्र कर्पोरेसन (सिजिजिसी)लाई दिएको थियो । यसलाई इन्जिनियरिङ, प्रोक्युरमेन्ट एन्ड कन्सट्रक्सन एन्ड फाइनान्स (इपिसिएफ) मोडलमा सिजिजिसीले बनाउने भनिएको थियो तर चिनियाँ कम्पनीले तीन वर्षभन्दा धेरै समय बिते पनि कुनै काम गर्न सकेको छैन । गेजुबाले बूढीगण्डकी आयोजनाको बाँकी ८ पेजमा

## उपत्यका वायू प्रदूषणको चपेटामा

समय सन्दर्भ



● गणेश पराजुली

वायु प्रदुषण विभिन्न रासाईनिक पदार्थ, धूलो, धुँवा आदि स्वच्छ हावामा मिसिन गई प्रदूषित वन्ने प्रक्रिया हो । अव्यवस्थित विकाश निर्माणकासाथसाथै मानव जीवनलाई सहज तुल्याउने अभिप्रायले गरिएका विभिन्न मानविय क्रियाकलावका कारण स्वच्छ हावा मा त्यस प्रकारको परिवर्तन आउने गरेको छ । यस्तो परिवर्तनले खासगरी अहिले काठमाण्डौ उपत्यका र नेपालका अन्य प्रमुख शहरहरू आक्रान्त छन् । यी शहरहरूको वायु प्रदुषणको स्तर विश्व स्वास्थ्य संगठन (डव्ल्यूएचओ)ले तोकेको मापदण्ड भन्दा कयौ गुना वढिरहेको अध्ययनहरूले देखाएका छन् ।

काठमाण्डौँउपत्यका समुद्रसतहबाट करिव १ हजार ३ सय मिटरभन्दा माथि उचाईमा रहेको छ । संवेदनशिल भूवनौट रहेको यस उपत्यकामा करीब ५० लाख जति मानिसको बसोवास रहेको अनुमान छ । यहाँ चल्ने सवारी साधनको संख्या करिव १५ लाखको हाराहारीमा रहेका छन् । निर्वाध सञ्चालित पुराना सवारी साधन, इँटाभट्टाको धुलोधुँवा, अव्यवस्थित सहरीकरण, निर्माणक्रममा लामो समयसम्म अस्तव्यस्त रहेने सडक, यत्रतत्र थुपारिएका फोहरमैला उपत्यकामा वायु प्रदुषण वढाउन जिम्मेवार छन् । वातावरण विभागको एक अध्ययनले काठमाडौँ उपत्यकाको वायु प्रदुषणमा मूलतः४० प्रतिशत सवारीसाधन, १८ प्रतिशत कृषि तथा कृषिजन्य वस्तुबाट निस्कने धुलोधुँवा र ११ प्रतिशत ईट्टाभट्टा जिम्मेवार देखाएको छ ।

नेसनल एटमस्फेरिक रिसोर्स एण्ड इन्भारन्मेन्टल रिसर्च लेवोरेटोरी (नारेल) कीर्तिपुरको एक अध्ययन अनुसार काठमान्डौ उपत्यकावाट दैनिक रुपमा त्क्ए १६१.६ टन, नाईट्रोजनडाईअक्साइड ४३.३ टन, कार्वनमोनोअक्साइड ८४०.९ टन प्रदूषक वायुमण्डलमा उत्सर्जन हुने गरेको छ । काठमाण्डौको हावामा पीएम १० भन्दा हानिकारक मसिना पीएम २.५ नामका धूलोका कण अत्यधिक रहेको पाईएको छ । अत्यान्तै मसिना धुँलाकायी कणहरू सजिलैसँग मानिसको फोक्सो र मुटुसम्म पुग्न सक्छन् जो क्यान्सर, मुटु र रक्तनलीसम्बन्धी रोगका कारण वनिरहेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले पीएम २.५ को मात्रा प्रतिघनमिटरहावामा २५ माइक्रोग्राम (२४ घण्टामा) मापदण्ड तोकेको छ । पीएम २.५ को मात्रा प्रतिघनमिटरहावामा ४० माइक्रोग्राम नेपाल सरकाको मापदण्ड छ । काठमाडौं उपत्यकाका ६ स्थानमा राखिएका वायु प्रदुषण मापक यन्त्रहरूमध्ये काठमाण्डौको रत्नपार्कमा राखिएको यन्त्रले पछिल्ला दिनहरूमा हावामा धुलोको कण र सिसाको औसत मात्रा १४० माइक्रोमिटर र २३० टिएसपी हुनु पर्नेमा अहिले ४०० भन्दा वढी देखाउने गरेको छ । वायु प्रदूषणको यो स्तर सरकार आफैंले तोकेको मापदण्डभन्दा अत्याधिक बढी हो ।काठमाण्डौ उपत्यकामा डब्लूएचओको मापदण्डभन्दा छ गुणा बढीसम्म यस्ता धुलाका कणको मात्रा रेकर्ड भएको तथ्यांक छ ।विभिन्न अध्ययनहरूले काठमाण्डौ उपत्यकलाई विश्वका वायु प्रदूषित सहरहरूमध्ये अग्र स्थानमा रहेको देखाएका छन् । हालै स्विजरल्यान्ढका वैज्ञानिकहरूको एक समूहले विश्वका प्रदूषित ३० सहरमा गरेको अध्ययनले काठमाण्डौ उपत्यकालाई सातौ प्रदूषित सहरको रुपमा देखाएको छ, ।

काठमाण्डौं उपत्यकामाको वायु प्रदुषणले स्थानियको स्वास्थ्यमा के कस्ता बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# अन्तर्राष्ट्रिय महिला दिवसको महत्व

मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय महिला दिवस । यो दिवस मनाइँदै आएको पनि १११ वर्ष पुगेर ११२ वर्ष लागेको छ । पहिलो पटक महिला दिवस सन् १९११ मा मनाइएको थियो । सन् १९०८ को फेब्रुअरीमा पहिलो पटक महिलामाथि कारखानामा हुने श्रमशोषण, असमान ज्याला, दयनीय कार्यअवस्था जस्ता उत्पीडनविरूद्ध अमेरिकाको न्यूयोर्कमा महिला श्रमिकले व्यापक हड्ताल र आन्दोलन सुरू गरे । अमेरिकाको समाजवादी दलको अग्रसरतामा यो हडेताल पटक पटक गरी वर्ष दिनसम्म लम्बिएको थियो । अर्को वर्ष फेब्रुअरीलाई आन्दोलनको वार्षिकोत्सवका रूपमा मनाउँदै न्यूयोर्कमा यस दिनलाई राष्ट्रिय महिला दिवस भनेर घोषणा गरियो । श्रमिक महिला आन्दोलनकी नेतृ तथा संयोजक लियो तोरा ओरेलीले सम्बोधन गरेको यो आमसभा नै आधुनिक महिला दिवसको सुरूवात थियो । अमेरिकी राष्ट्रिय महिला दिवसको सुरूवात थियो । अमेरिकी राष्ट्रिय महिला दिवसको सम्बन्धमा लेखिका चार्लोट्टी पेकिङ गिलम्यानले भनेकी थिइन्– हो महिलाको दायित्व घर र मातृत्व हो तर घर भनेको ३–४ कोठा वा कुनै सहर र राज्य मात्रै होइन सिंगो मुलुक हो ।'

श्रमिक महिलाको सो आन्दोलन अमेरिकाको न्यूयोर्कमा मात्र सीमित भएन । जर्मन वामपन्थी नेतृ कलारा जेट्किनले महिला आन्दोलन तथा दिवसलाई सन् १९९० मा अन्तर्राष्ट्रिय श्रमिक महिला सम्मेलन गर्दै अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याइन् । सन् १९१० को सुरूवातमै श्रमिक महिलाको हकहित र अधिकारमा समर्पित गर्दै युरोपका धेरै देशले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई मान्यता दिए । सन् १९११ मा पेरिस कम्युनको १९ मार्चाको ४० औं वार्षिकीको अवसरमा भएको महिला मार्चले अन्तर्राष्ट्रिय महिला दिवसको महत्वलाई थप उचाइमा पुर्‍यायो । त्यस दिन विश्वभर १० लाख महिलाले मार्चपासमा सहभागिता जनाएका थिए । रसियाले सन् १९१३ देखि नै महिला दिवस मनाउन थाल्यो । प्रथम विश्वयुद्धले महिला दिवसलाई थोरै छायाँमा पारे पनि युरोपमा दिवसले निरन्तरता पाइरह्यो । सन् १९१७ मार्च ८ को अवसरमा रसियन महिला नेतृ अलेक्जेन्ड्रा कोलताईको अगुवाईमा भएको महिला आन्दोलनले जारशासनविरूद्ध पहिलो बिगुल फुक्यो । सन् १९१७ मा भ्यादमिर इलिच लेनिनको नेतृत्वमा रूसमा अक्टोबर क्रान्ति सम्पन्न भयो । सोभियत कम्युनिस्ट पार्टीले सरकारी मान्यता दिएर अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने घोषणा गर्‍यो । त्यसपछि विश्वभरका कम्युनिस्ट पार्टीहरूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सुरू गरे । संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई सन् १९७५ मा मान्यता दिएसँगै विश्वभर यसलाई मनाउन थालियो । क्लारा जेट्किन रोजा लक्जेम्वर्ग र लुइस जेटहरूले सन् १९१० मा डेनमार्कको कोपनहेगनमा आयोजना गरेको १७ मुलुकका महिलाहरूले भाग लिएको दोस्रो अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलन नै वास्तवमा श्रमिक महिला दिवसको आकार थियो ।

महिला समानता र सशक्तीकरणका निम्ति क्रियाशील संयुक्त राष्ट्र संघीय निकाय युएन उमनका अनुसार यो वर्ष २०२२ जलवायु परिवर्तन र वातावरण तथा प्रकोप न्यूनीकरणका सन्दर्भमा लैंगिक समानता निर्णायक पक्ष रहेको छ । आज लैंगिक समानता नभई दिगो भविष्य र समान भविष्य हाम्रो पहुँचभन्दा बाहिर हुने युएन उमनको विज्ञप्तिमा भनिएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको यस वर्षको नारा रहेको छ– भोलिको दिगोपनका निम्ति आजको लैंगिक समानता । यसको उद्देश्य विश्वभरि महिला र बालिकाहरूले योगदानको पहिचान गर्नु हो । उनीहरूले जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण र सम्बोधन गर्दै सबैका निम्ति थप दिगो भविष्यका निम्ति नेतृत्व गरिरहेका छन् । यसका साथै इन्टरनेसनल उमन्स डे डटकमले अन्तर्राष्ट्रिय महिला दिवस २०२२ को अभियानका निम्ति 'ब्रेक द वायस' पूर्वाग्रह तोडौं' भन्ने अभियान समेत अघि बढाएको छ । यसको उद्देश्य लैंगिक समानतामूलक विश्व' बनाउनु हो । भारतीय बक्सिङ खेलाडी मेरी कोमले भनेकी छन्– 'कसैलाई पनि तिमी महिला भएकै कारण कमजोर छौ भन्ने मौका नदेऊ' अहिले वास्तवमा सबैमा हुनुपर्ने भावना यही हो ।

महिलाको अस्तित्व स्वीकार गर्न नसक्ने परिवार, समाज, देश र विश्वले उन्नति गर्न सक्दैन । यसकारण पनि महिलाको भूमिका र महत्ता स्थापित गर्ने महिला दिवस सबैका निम्ति महत्वपूर्ण छ । नेपाली समाजमा अझै पनि लैंगिक दृष्टिकोण समान बनिसकेको छैन । महिला हिंसाका घटनाहरू झन् बढिरहेका छन् । एक नाबालिकाले आफू बलात्कृत भएँ भनेर उजुरी गर्दासमेत प्रबुद्ध भनिएको कलाक्षेत्रबाटै प्रताडित हुनुपरेको छ । निर्मला पन्तको बलात्कार हत्याको गुथी अझै सुल्झिएको छैन । दहेज, छाउपडी, कमलरी, बोक्सी जस्ता प्रथाहरू अझै जीवित छन् । यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता जस्ता शास्त्रोस्त्र संस्कृत श्लोक उद्धृत गर्दै महिलाप्रति संवेदनशील भएको भान मात्र पार्न खोजिएको छ । महिलालाई ३३ प्रतिशत आरक्षण दिएर मात्र राज्यको कर्तव्य पूरा हुँदैन । नीति निर्माण र नेतृत्वमा महिलाको उपस्थितिबिना महिलामुक्ति सम्भव छैन । संविधानमा महिला अधिकारको व्याख्याले मात्र महिला हक र अधिकार सुनिश्चित हुन सक्दैन । वर्गीय मुक्तिबिना साँचो अर्थमा महिला मुक्तिको गफ गर्नु केवल चियागफ मात्र हुनेछ ।

दृष्टिकोण

# तुइयो नेपालको असंलग्नता : राष्ट्रिय स्वतन्त्रता भङ्खालोमा



सुरेन्द्र ढकाल

व्याख्या वा अपव्याख्या जे गरेर होस् अन्ततः एमसीसीलाई संघीय संसदले अनुमोदन गरेको छ । यसप्रकार नेपाल अमेरिकी साम्राज्यवादको अगाडि लम्पसार परेको छ । युक्रेनले अमेरिकाको पक्ष नलिई आफूलाई असंलग्न राष्ट्र बनाएको भए आज युक्रेन ध्वस्त हुने थिएन । त्यही युक्रेनको बाटोमा नेपाललाई डोर्‍याउँदै छन् राष्ट्रघाती दलाल सत्तारुढ दलहरू ।

नेपाललाई अमेरिकी खेमामा लग्ने ग्राण्ड डिजाइन सन २००५ मा नै शुरु भएको थियो । चीनलाई अप्रजातान्त्रिक, उत्तर कोरिया र इरानलाई आतंककारी देशमा दर्ज गर्दै बहुलवाद, मानवअधिकार र विधिको शासन हुने देशहरूको एक डेमोक्राटिक एलायन्स अमेरिकी नेतृत्वमा बनाउने भन्दै नेपाल त्यतिखेरै त्यस एलायन्समा सदस्य बनाइएको थियो । नजानिदो पाराले नेपालको असंलग्नता त्यतिखेरै अमेरिकी दाउमा परिसकेको थियो । पछि डेमोक्राटिक एलाएन्समा रहेका देशहरूलाई मात्रै एमसीसीको अनुदान दिने भन्दै नेपालले दिएको निवेदन अमेरिकाले स्वीकृत गरेपछि नेपाल निस्कनै नसक्ने गरी झन ठूलो खाडलमा फस्यो ।

एमसिसीको अनुमोदन हुनासाथ नेपालको परराष्ट्र नीति अमेरिकाले संचालन गर्न शुरु गरेको छ । एमसीसी अनुमोदन हुनासाथ बसेको मन्त्रिपरिषदको बैठकले नेपाली भूमि कुनै देशलाई पनि प्रयोग गर्न नदिने प्रतिबद्धता जाहेर गर्नुले चोरको खुट्टा काट भन्दा आफ्नै खुट्टा थुतेको छ गठवन्धनको सरकारले ।

एमसीसी अनुमोदनपछि चीनले नकारात्मक प्रतिकृया देला, चीन रिसाउला भन्ने डरले यस्तो प्रतिबद्धता आएको हो । एमसीसी जसरी जनताको आँखामा छारो हालेर अनुमोदन गरियो, त्यसै गरी चीनको आँखामा छारो हाल्ने प्रयास यो प्रतिबद्धता हो भनेर स्पष्टै भएको छ । नेपाली जनतालाई मुर्ख बनाए जस्तै चीनलाई समेत मुर्ख बनाउन गरिएको प्रयास हो यो ।

युक्रेन रुसको विवादमा भारत र चीन आफै तटस्थ छन् भने नेपाल कसको इसारा रुसको विपक्षमा उभिएको छ ? के त्यो नेपालको असंलग्न परराष्ट्र नीति अनुरुप छ ? अवश्यै छैन । अमेरिकी इसारामा रुस र चीनलाई चिढ्याउने सत्तारुढ दलभित्रका सीआईए र रअका एजेन्टहरूको करतुत हो । भारतसँग ७१ भन्दा बढी ठाउँमा सीमा विवाद छ, नेपालको ब्यास क्षेत्र भारतीय सैनिकको कब्जामा छ त्यसबारे चूँ .... गर्दैन यो सरकार तर हुँदै नभएको चीनसँगको सीमा विवाद निकालेर कसको पक्षपोषण गर्दै छ यो सरकार ?

चीनलाई उत्तेजनामा ल्याउने जुन कार्य यस सरकारबाट भइरहेछ त्यसको कारण चीन रुस जस्तै आक्रमक भयो भने नेपाल ध्वस्त हुने अनि नेपालीहरू भारतमा शरण लिन बाध्य हुने, तर यदि चीन आक्रामक नभै हिजो सिक्किम भारतले खाएको बेलामा जस्तै कानमा तेल हालेर बस्यो भने नेपाल खाने भारतीय रणनीति भएर नै एउटा भारतीय जर्नेलले हालै नेपाललाई युक्रेन बनाइदिने चेतावनी दिएका छन् । अमेरिका र भारतको लागि चीन महान शत्रु हो । भारत बलियो हुँदा अमेरिकाको स्वार्थ पनि रक्षा हुने भएकै कारण भारतको चीन बराबरीको आणविक शक्ति बन्ने योजनामा अमेरिकाले सघाइरहेको छ ।

नेपालको असंलग्नता तुइएको र चीन नेपालसंग रिसाएको हालको अवस्थामा नेपाल सिक्किम बन्ने डरलाग्दो अवस्था सिर्जना भएको छ । यसो हुँदा अब राष्ट्रवादी









भारतलाई बलियो बनाई चीनलाई परास्त गर्ने उद्देश्य राखेको अमेरिकाले भारतले नेपाल खाँदा स्वागत नै गर्ने छ भन्ने कुरा त अमेरिकाको नेपाल नीतिले स्पष्टै पारेको छ जस्मा नेपाल र भुटान कुनै स्वतन्त्र देश नभई भारतमा निर्भर मुलुक भनिएको छ । तसर्थ नेपाललाई हिन्द प्रशान्त रणनीतिमा सामेल गर्ने अमेरिकी नीति नेपाललाई कलान्तरमा सिक्किम बनाई भारतलाई झन् बलियो बनाउनु नै हो ।

नेपालीहरूले सबै किसिमका राजनीतिक विचारधारालाई थाती राखी राष्ट्रिय झण्डामुनि एकबद्ध भई विदेशी दलालहरूलाई कत्तल गर्दै अगाडि बढी नेपालको असंलग्न परराष्ट्र नीतिलाई पुनः क्रियाशील बनाई चीनसँगको सम्वन्धलाई गाढा नबनाउने हो भने हिजोको आर्थिक नाकाबन्दी झनै कठोर हुने र नेपाल अन्ततः भारतको पोल्टामा जाने निश्चित छ । असंलग्नता तुइएको र राष्ट्रिय स्वतन्त्रता भङ्खालोमा परेको छ ।

# युरिक एसिडको बाथ के हो ?

**डा.केशवराज सिग्देल**

युरिक एसिडको बाथ कुन उमेरमा देखिन्छ र यसको लक्षणहरू केके हुन् भन्ने बुझ्नु जरुरी छ । संसारमा लाखौं मानिसहरू युरिक एसिडको बाथबाट पीडित छन्, त्यसमध्ये आधाजति संख्यामा युरिक एसिड बाथले पटकपटक दुःख दिइरहेको पाइन्छ । पश्चिमी देशको तथ्यांकको आधारमा भन्नुपर्दा ३० वर्ष माथिका पुरुष र ५० वर्ष माथिका महिलाहरूमा कुनै न कुनै बखत गाउटको समस्याले पिरोलेको हुन्छ ।

युरिक एसिड भनेको हाम्रो शरीरमा उत्पादन हुने एक किसिमको विकार तत्व हो । हामीले दिनहुँ सेवन गर्ने खाद्य पर्दाथ पाचन हुने क्रममा शरीरका कोषिकाहरू परिवर्तन हुने क्रममा कोषिकाहरूमा रहेको न्युक्लिक एसिड निष्क्रिय भएर (डिएनए, आरएनए) बाट युरिक एसिड बन्दछ । शरीरले उत्पादन भएको युरिक एसिडलाई मिर्गौलाको सहयोगले पिसाबमार्फत विसर्जन गर्ने गर्दछ । यसरी युरिक एसिड बन्ने र विसर्जन गर्ने कार्यको सन्तुलन बिग्रिएर गएमा रगतमा युरिक एसिडको मात्रा बढ्दछ । सोही युरिक एसिड शरीरको जोर्नीहरूमा (मूलत बुढी औंलाको जोर्नी, गोली गाँठो, घुँडा र पछि गएर शरीरका मझौला तथा साना जोर्नीहरूमा) अचथकतर्बा को रूपमा गम्भीर सुजन हुने र रातो हुने अवस्थालाई नै युरिक एसिडको बाथ भनिन्छ । यसलाई अंग्रेजीमा **Gout OR Gouty Arthritics** भनिन्छ । वयस्कको शरीरमा प्रति सय मिलिलिटर रगतमा सात एमजी पुरुषमा र महिलामा ६ दशमलव २ एमजीसम्म युरिक एसिडको मात्रा हुने भएकोलाई सामान्य नै मानिन्छ । महिलाहरूमा महिनावारी नरोकिन्जेलसम्म युरिक एसिडको बाथ हुने सम्भावना न्यून हुन्छ ।

यद्यपि युरिक एसिड बाथ भइसकेको र पटकपटक जोर्नीको सुजन हुने र दुख्ने भएको मानिसमा (दुई/तीनपटक प्रत्येक वर्ष) यो युरिक एसिडको लेभललाई पनि धेरै भनिन्छ र यसलाई उपचार गरी सामान्य लेभलको आधा जति लेभलमा पुर्‍याउनु पर्दछ । युरिक एसिडको बाथ नभएको मानिसमा पनि शरीरमा युरिक एसिडको मात्रा जँचाउँदा खेरी बढी देखिएता पनि उसलाई जोर्नीमा जमेर सुन्निने, र दुख्ने भएको छैन भने यस्तो अवस्थालाई युरिक एसिडको मात्रा बढी भएको अवस्था भनिन्छ । जसलाई खासै उपचार गर्नुपर्दैन । यसलाई आफ्नो खानपान मिलाएर, अम्मल, सुर्ती चुरोट सेवन हटाएर, सन्तुलित भोजनमा ध्यान दिएर र शरीरमा बोसोको मात्रा नियन्त्रण गरेर पनि युरिक एसिडको मात्रा घटाउन सकिन्छ ।

क्रमिक रूपमा जाँच गर्दा पनि युरिक एसिडको मात्रा धेरै भएमा र जोर्नीको दुःखाइ नभए पनि यसलाई घटाउनुपर्ने हालै गरिएको अनुसन्धानले देखाएको छ । किनकी युरिक एसिडको मात्रा रगतमा धेरै देखिए पिसाब बनाउने तन्तुमा समस्या, मुटुको समस्या गराउँदछ । किड्नीको समस्या पहिला नै भइसकेको र डायलासिस गरिएको छ भने युरिक एसिड घटाउने औषधिको प्रयोग गर्नुपर्दछ । युरिक एसिडको बाथ कुन उमेरमा देखिन्छ र यसको लक्षणहरू केके हुन् भन्ने बुझ्नु जरुरी छ । संसारमा लाखौं मानिसहरू युरिक एसिडको बाथबाट पीडित छन्, त्यसमध्ये आधाजति संख्यामा युरिक एसिड बाथले पटकपटक दुःख दिइरहेको पाइन्छ । पश्चिमी देशको तथ्यांकको आधारमा भन्नुपर्दा ३० वर्ष माथिका पुरुष र ५० वर्ष माथिका महिलाहरूमा कुनै न कुनै बखत गाउटको समस्याले पिरोलेको हुन्छ । गाउटले धेरैजसो बिरामीमा खुट्टाको बुढीऔंला, गोलीगाँठा र यस वरपरका जोर्नीमा टन्किएर दुख्ने, सुन्निने हुन्छ । रोग बढ्दै गएपछि भने घुँडा तथा हातका जोर्नीहरूमा युरिक एसिड मात्रा जमेर बिग्रने र जोर्नी खिइने समस्या हुन्छ ।

के खाँदा र नखाँदा युरिक एसिडको बाथ बढ्छ ? भन्ने कुरा थाह पाइयो भने पनि नियन्त्रणका लागि ठूलो मद्दत पुग्छ । लगातार रक्सीको सेवन, उच्च फ्रुक्टोइज (गुलियो) सेवनले गर्दा पनि युरिक एसिड बढेको पाइन्छ । हाम्रो समाजमा युरिक एसिडको बाथद्वारा ग्रसित बिरामीहरूले जहिले पनि आफ्नो आहार-विहार र खाना खाने तरिकालाई दोष दिने गरेको पनि पाइन्छ । युरिक एसिडको बाथ हुनुमा आहार-विहार र खानपानको भूमिका एकचौथाइ मात्रै हुन्छ । अर्थात् तीनचौथाइ जति भूमिका त हाम्रो शरीर आफैँले उत्पादन गर्ने युरिक एसिडको मात्रामा भर परेको हुन्छ । यस्तो पनि भनिन्छ कि प्रोटिनयुक्त आहार सेवन गर्नाले १ सय मिलि रगतमा बढीमा एक मिलिग्राम युरिक एसिडको मात्रा बढ्छ । युरिक एसिडजन्य प्रोटिनयुक्त खानाको बाबजुद अन्य कारणले गर्दा पनि युरिक एसिड उत्पादन भएको हुन्छ । अर्थात् वंशाणुगत कारण, शारीरिक मोटोपन, लामो अवधि भोको बस्ने बानी, मिर्गौलाको कार्य बिफलता, मिर्गौलाको पत्थरी, मुटुसम्बन्धी रोगहरू, मधुमेह आदिजस्ता कारणहरूले र कुनै प्रकारका दीर्घरोगहरू साथै केही किसिमका औषधिहरूको प्रयोगको कारण (जस्तैः लगातार थायजाइड ग्रुपको औषधि, जुन उच्च रक्तचापमा प्रयोग गरिन्छ) पनि कतिपय व्यक्तिको रगतमा युरिक एसिड बढेको हुन्छ ।

युरिक एसिडको बाथको उपचार विधि खासै जटिल छैन । अन्य किसिमको बाथरोग भन्दा युरिक एसिडको बाथलाई सजिलै व्यवस्थापन गर्न सकिन्छ । यस्तो बाथलाई व्यवस्थापन गर्नका लागि विशेषज्ञ डाक्टर र बिरामीबीच उचित छलफल, परामर्श र सहकार्य अनिवार्य हुन्छ । अन्यथा बिरामीहरूले डाक्टरको परामर्शविना विविध प्रकारका औषधि छोटो समयका लागि सेवन गर्दा रोग झन्झन् जटिल हुँदै जाने सम्भावना रहन्छ ।

युरिक एसिडको बाथद्वारा पीडित बिरामीहरू अस्पताल वा डाक्टरको क्लिनिकमा उपचारार्थ उपस्थित हुँदा खेरी रोगको सुरुआत कहिले र कसरी भयो, कतिपटक भयो र अन्तिमपल्ट कहिले बढ्यो भनेर सोधपुछ गरिन्छ । यस्ता बिरामीहरूले प्रायःजसो एक्कासी दुःखाइ बढेर त्यसविरुद्ध औषधि सेवन गरेको वा दुःखाइ कम गर्ने औषधिको सुई प्रयोग गरेको कुरा बताउने गरेको पाइन्छ । यसरी एक्कासि रोग बढ्ने वा बल्झिने कुरामा सामान्यतया खानपानकै भूमिका रहेको पाइन्छ । त्यसैले त्यतिखेर खानपान र आहार-विहारमा परिवर्तन गर्न परामर्श दिइन्छ ।

त्यतिखेर युरिक एसिड घटाउने वा बढाउने खाद्यपदार्थ, तत्काल प्रयोग गरिने औषधि र त्यसको सेवन मात्रालगायत धेरै प्रोटिनयुक्त खानेकुरा सेवनको परहेजमा रहँदाखेरी सामान्यतया घट्नसक्ने युरिक एसिडको मात्राबारे पनि डाक्टरसँग जानकारी लिनुपर्दछ । अर्को कुरा आहार-विहार र दैनिक जीवनयापन पद्धतिमा परिमार्जन गर्ने बित्तिकै युरिक एसिडको मात्रा घटिहाल्छ भन्ने कुरा पनि कतिपय बिरामीहरूमा लागू नहुन सक्छ । किनकी वंशाणुगतलगायत अन्य कारणले पनि युरिक एसिड बढाएको हुनसक्छ । त्यसैले विशेषज्ञ डाक्टरको सल्लाहबमोजिम उचित प्रकारको औषधि प्रयोग गर्नेजस्तै **anti–inflammatory drugs** (उचित प्रकारको नदुख्ने औषधि) र **Uric Acid Lowering Agent** (युरिक एसिड घटाउने औषधि) प्रयोग गर्न जरुरी देखिन्छ ।

जे होस् आहार विहार खानपानमा सन्तुलन व्यायाम गरेमा, प्रसस्त मात्रामा तरलपदार्थ र पानी सेवन गर्ने बानी बसालेमा, शारिरिक तौल नियन्त्रण गर्ने, नियमित शारीरिक व्यायाम गर्ने र शंका लाग्नासाथ डाक्टरको परामर्श लिने बानी बसालेमा युरिक एसिडको बाथलाई व्यवस्थापन गरेर सहजै छुट्कारा पाउन सकिन्छ ।

*(डाक्टर सिग्देल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र आरोग्य स्वास्थ्य सदन, नेपाल बाथ रोग उपचार केन्द्र जावलाखेलमा कार्यरत हुनुहुन्छ )*

# मैले देखेको १९७ औं विश्व पर्यटकीय स्थल

## सान पाओलो ब्राजिलको क्याथेड्रल

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा दुई टावरसहितको क्याथेड्रल




क्याथेड्रलको गोलाकार गजुर (डोम)



क्याथेड्रलभित्रको संगीत यन्त्र (अर्गान)



क्याथेड्रलको छिंडी र त्यहाँ रहेका चिहानहरू

चेक गणतन्त्रको राजधानी प्राग ३ दिन बसी हामी (म, मित्र सुसाना र उनकी छोरी लिलि) मे ११ तारिख २०१५ का दिन पुनः फ्रान्कफर्ट जर्मनी फर्कियौं। त्यहाँ मैले जुन महिनाको ३ तारिखसम्म बसी ४ तारिखका बिहान ७ बजे फ्रान्कफर्टबाट नेदरलैण्डको शहर आम्सटर्डम हुँदै करिब १२ घण्टा जति उडी त्यही दिन राति १० बजे म दक्षिणी अमेरिकी देश ब्राजिलको सान पाओलो भन्न शहर पुगें। सान पाओलो एअरपोर्टबाट होटलसम्म पुग्न टेक्सीलाई करिब १ घण्टा लाग्ने रहेछ। ११ बज्दा म होटल पुगी विश्राम लिएँ।

सान पाओलो जानुको मेरो उद्देश्य भनेको रोटरी इन्टरनेसनलको सान पाओलोमा जुन महिनाको ६ देखि ८ तारिखसम्म हुन गइरहेको अन्तर्राष्ट्रिय सम्मेलनमा रोटरी क्लव डिल्लीबजार काठमाण्डौको पूर्व अध्यक्ष तथा रोटरी डिस्ट्रिक्ट नेपालको पूर्व असिस्टेन्ट गभर्नरको रुपमा भाग लिनु थियो। म त्यतिखेर बाल विकास समाज नेपालको कोषाध्यक्ष पनि भएकोले त्यहाँको सम्मेलन हलको हाउस अफ फ्रेण्डसिपमा मैले वालविकाश समाजको तर्फबाट एक स्टल पनि लिएको थिएँ जहाँ अन्तर्राष्ट्रिय रोटरी क्लवहरूको आर्थिक सहयोगमा वालविकास समाज नेपालले सम्पन्न गरेका कामहरू प्रदर्शन गरी वालविकाश समाजको लागि नयाँ दाताहरू खोज्नु पनि थियो। यो दक्षिण अमेरिकी मुलकमा मेरो प्रथम भ्रमण पनि भएको कारण ब्राजिल मेरो लागि एक पन्थ दो काज हुन पुगेको थियो। त्यसैले म मनमनै खुबै रोमाञ्चित थिएँ।

जुन ५ तारिखका दिन बिहानै होटलमा ब्रेकफास्ट गरी १० बज्दा म कन्फरेन्स हल पुगिसकेको थिएँ। स्टल सजाउँदा सजाउँदै दिन बितिहाल्यो। ६ जुनको दिन औपचारिक रुपमा कन्फरेन्सको उद्घाटन भएपछि दायाँवायाँ लाग्ने मौका पनि मिलेन। जुन ७ तारिखका दिन भने ब्रेकफास्ट गरी कन्फरेन्समा भाग लिन जानुभन्दा पहिले नै त्यहाँको पर्यटकीय आर्कषणको केन्द्रको रुपमा रहेको सान पाओलोको क्याथेड्रल अवलोकन गर्ने उद्देश्य लिई बिहान १० बजे नै त्यहाँ पुगेँ।

**सान पाओलोको क्याथेड्रल**

पुर्तागाली भाषामा *Catedral Metropolitana de São Paulo* भनिने यो आर्कविशप स्तरको रोमन क्याथोलिक चर्च रहेछ। यो क्याथेड्रलको निर्माण गोथिक शैलीमा सन १९१३ मा शुरु भएको रहेछ। यसलाई विश्वकै नवगोथिक शैलीमा बनेको चौथौं ठूलो क्याथेड्रल मानिदो रहेछ। यसको प्रवेशद्वार निकै कलात्मक र आर्कषक रहेछ। इतिहास खोतल्दै जाँदा सन १५८९ मा सान पाओलो गाउँमा सानो चर्चको रुपमा बनेको र सन १६१६ मा मात्रै त्यसको निर्माण सम्पन्न भएको रहेछ। अहिलेको क्याथेड्रल भएकै स्थलमा त्यो सानो चर्च सन १७४५ सम्म विशपस्तरको रहेछ। सन १७४५ मा उक्त सानो चर्चलाई भत्काइ बारोक शैलीको अर्को चर्च बनाइएको रहेछ। सन १७६४ मा निर्माण सम्पन्न भएपछि सन १९११ मा त्यसलाई पनि भत्काइ हालको क्याथेड्रलको निर्माण भएको रहेछ। हालको क्याथेड्रल पहिलो आर्कविशप दुआर्ते लेओपोल्दोको अगुवाइमा बनेको रहेछ।

जर्मन वास्तुविद (आर्किटेक्ट) माक्समिलियन एमिलको नवगोथिक डिजाइनमा बन्न शुरु भएको यस क्याथेड्रलको निर्माण कार्य ज्यादै सुस्त गतिमा अगाडि बढेको कारण सन १९५४ मा मात्रै सान पाओलोको ४०० वर्षगाँठको अवसर पारी उद्घाटन



क्याथेड्रलको मुख्य प्रवेशद्वार

भएको रहेछ। यद्यपि क्याथेड्रलको टावर निर्माण कार्य सम्पन्न भने सन १९६७ मा गएर मात्रै सकिएको रहेछ। तत्पश्चात यो क्याथेड्रलको मर्मत संभार लामो समयसम्म हुन नसक्दा विस्तारै झण्डै भग्नावशेषको अवस्थामा पुगेकोमा यसको जिर्णोद्धार सन २००२ मा सम्पन्न भएको रहेछ।

ब्राजिलको दोस्रो ठूलो चर्चको रुपमा रहेको यो क्याथेड्रलको लम्वाइ १११ मिटर चौडाइ ४६ मिटर र दुई टावरको अग्लाई भने ९२ मिटर रहेछ। मुख्य कक्ष (Nave) मा ५ लहरहरू (Aisle) भएको यो क्याथेड्रल ६७०० वर्गमिटरमा फैलिएको रहेछ। यस क्याथेड्रलको गजुर (Dome) नवगोथिक पुनरजागरणकालीन रहेछ। एकै पटकमा ८००० जनासम्म अटाउने यो क्याथेड्रलको निर्माणमा ८०० टन दुर्लभ सिंहमरमर प्रयोग भएको रहेछ। यस क्याथेड्रलको छिडी Crypt मा फ्रान्चिस्को लेओपोल्दोले सिंहमरमरमा कुंदेको बाइवलमा उल्लेखित कुराहरू जनाउने शब्द चित्रहरू रहेछन र त्यही विभिन्न समयका आर्कविशपहरूको चिहान पनि रहेछ। क्याथेड्रलको संगीत यन्त्र (Organ) सन १९५४ मा इटलीबाट ल्याई जडान गरिएको रहेछ जसलाई लेटिन अमेरिकन देशहरूका क्याथेड्रलमा रहेकामध्ये सबैभन्दा ठूलो संगीतयन्त्र मानिदो रहेछ। क्याथेड्रलको टावरमा



क्याथेड्रलको मुख्य प्रार्थनाकक्ष (नेभ)



रोटरी कन्भेन्सन सेन्टर सान पाओलोको फ्रेन्डसिप हलमा राखिएको बाल विकास समाजको स्टलअगाडि रोटेरियन डा.चन्द्र र मेडम जोशीका साथ सुरेन्द्र

६१ वटा घण्टाहरू रहेछन जुन सन १९५९ मा नेदरलैण्डबाट ल्याई जडान गरिएको रहेछ। क्याथेड्रलको कलात्मक झ्यालका फ्रेमहरू ग्रेनाइटबाट बनेका रहेछन्। यो बनाउने कार्यमा इटालियन आप्रवासीहरूलाई लगाइएको रहेछ। करिव १ घण्टा जति यस क्याथेड्रलमा बिताई म पुनः रोटरी कन्भेन्सन हलमा फर्किएँ। भोलिपल्ट ८ जुनको बिहानै मेरो उडान सानपाओलोबाट फ्रान्कपार्टको लागि थियो। जर्मनी फर्की २ दिन मित्र सुसानाको घर फ्रान्कफर्टमा बसी १० जुन २०१५ मा म काठमाण्डौ फर्किएँ।

# बौद्धनाथ क्षेत्रको अवस्था र सुधारको आवश्यकता

- योगेश्वर रोमखामी

नेपाल सांस्कृतिक दृष्टिकोणबाट सम्पन्न मुलुक हो क्ष लगभग तीन हजार सालको लिखित इतिहास भएको संसारकै प्राचीन देश हो क्ष यसको साथै प्रकृतिले दिएको अनुपम विविधता युक्त भौगोलिक र जलवायु सम्बन्धी विशेषता भएकोले पर्यटक यस रमणीय स्थलमा आउन रुचाउने गन्तव्य पनि हो । संसारमा भएको १४ वटा सर्वोच्च शिखर मध्य दश वटा नेपालमा छ, त्यसैले शिखर आरोहण गर्न इच्छुक साहसिक पर्यटकहरूकोलागि नेपाल सर्वश्रेष्ट गन्तव्य हो ।

रमणीयस्थलहरूको अनुभूति गर्नको लागि यहाँ ट्रेकिंग गर्न रुचाउने पर्यटकहरू आउने गर्दछन क्ष जलवायु र भौगोलिक विविधताले गर्दा जीवजन्तु र वनस्पतिको दृष्टिकोणले पनि नेपाल अध्ययनको लागि प्रमुख केन्द्रबिन्दु बन्न सक्छ ।

संसारको सवैभन्दा बढी जनसंख्या भएको दुई मुलुक चिन र भारतको बीचमा अवस्थित नेपाल दुई प्रमुख धर्म हिन्दु र वौद्ध धर्मावलम्बीहरूको लागि धार्मिक पर्यटनको हिसाबले पनि महान तिर्थस्थल हो । त्यसकारण यस दृष्टिकोणबाट पनि नेपालसँग अद्वितीय स्रोत र साधन छ, जसको सही उपयोगबाट नेपाल एउटा सम्पन्न देशको रुपमा रुपान्तरण हुन सक्छ । यसको लागि सही सरकारी पहल र इमानदार नेतृत्वको सदैव खाँचो महसूस गरिएको छ । पर्यटन नेपालको अर्थ व्यवस्थाको लागि मेरुदण्ड जस्तै महत्वपूर्ण छ । विगत अढाई साल देखि कोरोना महामारीको कारण पर्यटकको आगमनमा अत्यन्त कमी आएको छ र विदेशी मुद्राको संचयमा राष्ट्रलाई ठुलो क्षति हुन आएको छ ।

नेपाल जस्तो देश जसको आयातमा आधारित अर्थतन्त्र छ, सामानको आयातको लागि विदेशी मुद्राको महत्व बुझ्न सकिन्छ । श्रीलंकामा विदेशी मुद्राको संचयमा हुन आएको कमीको कारण पेट्रोलियमको आयात ठप्प भएको छ र दैनिक सात - सात घण्टाको लोडसेडिङ राष्ट्रले व्योहोर्नु परिरहेको छ । भनिन्छ नेपालमा पनि यही अवस्था रही रहेमा केही महिना सम्म धान्न सक्ने विदेशी मुद्राको सञ्चिति बाँकी रहेको छ । कोरोना महा-संकटबाट मुक्ति तिर लम्की रहेको यस घडीमा आउँदा दिनहरूमा केही सुधार हुन पनि सक्छ ।

यस संसारमा भएका बौद्ध धर्मावलम्बी देशहरूबाट नेपाल घेरिएको छ र नेपाल स्वयंमा पनि यस धर्मलाई मान्नेहरूको ठुलो संख्या छ । नेपालमा भएको असंख्य बौद्ध केन्द्रहरू मध्य काठमाडौंको बौद्ध अवस्थित बौद्धनाथको स्तुपा धार्मिक र ऐतिहासिक दुवै नजरबाट अत्यन्तै महत्वपूर्ण ठाउँ हो । यो संसारकै सबैभन्दा ठूलो स्तूप हो भने युनेस्कोले यसलाई विश्व सांस्कृतिक सम्पदाको रुपमा सूचीकरण गरेको छ । यसको निर्माण छैठौं शताब्दीको अन्त्य तिर भएको भन्ने मानिएको छ र विस्तृत विस्तार चौधौं शताब्दी तिर भएको भन्ने इतिहासकारहरूको भनाई छ । यो स्थल बौद्ध धर्मावलम्बीहरूकोलागी अत्यन्त श्रद्दाको स्थल हो भने नेपालको गौरव हो र यसले यसका वरिपरी लाखौं जनालाई



रोजगार दिएको छ, होटल रेस्टुरेन्ट चलेको छ, नेपाली हस्तकलालाई रोजगार मार्फत प्रवर्धन गर्नका साथै विदेशी मुद्रा नेपालमा भित्रिएको छ । यस्तो अनुपम स्थललाई ईश्वरको आशीर्वाद सम्झेर सरकार र स्थानीय स्तरबाट संरक्षण गर्नुपर्नेमा चरम लापरवाही गरिएको छ । यससँग सम्बन्धित संरक्षण केन्द्र, गुठी गुम्बाहरूलाई आफ्नो कार्यकर्ता पोस्ने राजनीतिक भर्तीकेन्द्रको ठाउँ बनाइएको छ । यसबाट हुने आय आर्जन र आय व्यय सम्बन्धी हिसाब किताबको उचित परीक्षण गरिनु पर्छ भन्ने स्थानीयवासीहरूको धारणा रहेको छ । तर सरकारमाथि विश्वास नरहेकोले यो कुरा चर्को रुपमा उठेको छैन, नेपालमा यस्तै हो भन्ने सवैको बुझाई छ । यस क्षेत्र र गुम्बा गुठीहरूमा उठेको आयको समुचित र न्यायोचित प्रयोग नभएको हुँदा राष्ट्रिय गौरवको यस ठाउँमा प्रवेश गर्ने आगन्तुक र पर्यटकहरूको धारणा नेपालको सरकार र निर्दोष जनताप्रति कस्तो नकारात्मक हुन्छ होला भन्ने कल्पना सम्म पनि गऱ्यो भने कुनैपनि जिम्मेवार देशभक्त नागरिकको टाउको लाज शरमले निहुरिने छ ।

बेला-बेलामा यस ठाउँमा जाने इच्छा भइरहन्छ तर चावहिलको कहिले नसुध्रिने ट्राफिक समस्या र त्यसपछि बौद्धनाथ क्षेत्र वरिपरी सवारी पार्किङ स्थलको अभावले हतोत्साहित गर्ने गर्दछ र यस्तै सवैलाई लाग्दो होला भन्ने मेरो अनुमान हो । त्यसकारण गाडीमा भन्दा मोटरसाइकलमा जाने विचार गरे । बौद्धनाथ क्षेत्रमा पुगीसकेपछि मोटरसाइकलपनि पार्क गर्ने ठाउँ नपाएर वरिपरी फनफन्ती केहीबेर घुमेको घुमी गरेर अन्त्यमा गुहेश्वरी तिर जाने बाटोको एउटा गल्लीको खाली ठाउँमा आफ्नो रिस्कमा बाईकलाई साँचो लगाएर छाडे । ट्राफिक प्रहरी भित्र गल्ली शुरु हुने ठाउँ र मुख्य सडक वरिपरीका इलाकाहरूमा पार्किङ गरी राखेका गाडी, बाइकहरू हटाउन र कारवाही गर्नमा व्यस्त देखिन्थे । बौद्धनाथ स्तुप प्रवेश गर्ने ढोका अगाडी सम्म नआई पुग्दा स्तुपा देखिन्न ।

स्तुपाबाट प्रवेश गर्ने मुखैमा सार्क राष्ट्रहरूकोलागी नेपाली १०० रुपैयाँ, अन्य विदेशी पर्यटकका लागी ४०० रुपैयाँ भनी सूचना सहितको टिकट काट्ने व्यवस्था छ । प्रवेश गरीसके पछि एकै फन्कोमा मुख्य स्तुपाको परिक्रमा सिद्धिन्छ । यस स्तुपाको उत्तर तिर परिक्रमा गरिने ठाउँमै केही बाईक स्थानीय पसलेहरूले पार्क गरी राखेको देखियो, जुन अति अशोभनीय देखिन्थ्यो, मसँगै हिड्ने स्थानीय मित्रले यो सँधैको स्थीति हो भन्नु भयो, यसतर्फ सम्बन्धित बौद्धनाथ क्षेत्र संरक्षण समिति र सुरक्षा निकायको ध्यान पुग्न उचित हुन्छ । यस स्तुपाको उत्तर तिर तीनचुली जाने बाटो तिर बौद्ध फुलवारी ६, चोकको वरीपरी यसैगरी अनियन्त्रित रुपमा बाइक पार्क गरी राखेको देखियो, जसमा समितिको वेवास्ता के कुन कारणले हो बुझ्न सकिएन । अन्य सरसफाई नभएको र फोहोरी वातावरण त छँदै थियो ।

घ्यांग गुठीको गुम्बा, जुन चिनिया लामा सम्बन्धी विवादले ग्रस्त छ, दुई तल्लामाथि धर्मावलम्बीहरूले बत्ती बाल्ने परम्परा छ, फोहरी र आकर्षण विहिन देखिन्थ्यो, लाग्थ्यो । धर्मको नाउँमा रकम उठाउने बाहेक सम्बन्धितको ध्यान पुगेन । बत्ती तयारी गरेर दिनेहरू पनि अभद्र हुँदै गएको प्रतीत भयो, यिनीहरूलाई पनि केहि निर्देशन र तालीमको आवश्यकता हुन्छ जस्तो लाग्यो ।

घ्योईलिसांग पोखरी (शान्ती वाटिका) प्रवेश गर्दा भित्र बाइक राखिएको र शौचालय अत्यन्त फोहोर, दुर्गन्धित तथा पानीको व्यवस्था समेत नभएको भेटियो, यद्यपि संरचना पूर्ण थियो तर यस्तो पर्यटक र भक्तजन आउने स्थानको हालत दयनीय देखिन्थ्यो र यसको संरक्षण र हेरचार गर्नुपर्ने माथि कडा भन्दा कडा कारवाही गरिनु पर्छ भन्ने लाग्यो । कयौं दिनदेखि सफाई नगरिएको हुँदा मानवीय विसर्जनको थुप्रो यत्र तत्र छरपस्ट अवस्थामा थियो । नेपाल चीन मित्रताको प्रतीक यस शान्ती वाटिकाको अवस्था लज्जास्पद देखियो ।

विश्व सम्पदा सूचीमा सूचिकृत गरिएको प्रमाणित गरिने चार किल्ला तोकिएको स्तम्भ चारै दिशाहरूमा हुनु पर्नेमा एउटा घ्योईलिसांग जाने बाटोको मुखैमा र अर्को स्तम्भ पर्यटक प्रहरी पोष्टको अगाडी मुख्य सडकको उत्तर तिर फुटपाथको किनारमा भेटियो, अन्य स्तम्भको अवस्था सम्बन्धित मन्त्रालय र निकायले खोज्नु पर्छ । यस स्तम्भको भित्र अवस्थित संरचनाहरूको सन्दर्भमा के गर्नु पर्ने हो, सरकारले उचित निर्णय लिनु पर्छ र थप संरचना निर्माणको कार्य हुन नदिने तर्फपनि आवश्यक पहल गरिनु पर्छ ।

केही सुझावहरू :

यस्तो धार्मिक र पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण ठाउँमा सरकारको ध्यान नपुगेको र सरकारी हेल्चेक्राई उदेक लाग्दो र निन्दनीय छ । गर्नु पर्ने कामहरू धेरै भएता पनि तत्काल ध्यान दिनुपर्ने केही सुझावहरू यहाँ राख्ने प्रयास गरेको छु ।

१. यहाँको कहाली लाग्दो समस्याहरू मध्य गाडी र बाइक पार्किङको समस्या तुरन्तै युद्ध स्तरमा निवारण गरिनु पर्ने देखिन्छ । यसको लागी उपयुक्त ठाउँहरूको खोजी गर्दा स्तूप वरिपरीका क्षेत्रहरूमा खाली जग्गाहरू अझ सम्म बाँकी रहेको छ, जस्तै साम्तेलिंग गुम्बाको पछाडी खाली जग्गा छ, यस्तै अन्यत्र पनि छ र यसमा बहुतल्ले खालको पार्किङ बनाउन सकिन्छ, यसबाट यो क्षेत्रको ठुलो पार्किङ समस्या समाधान हुनका साथै सुन्दरतामा अभिवृद्धि हुन् जान्छ । अन्यथा ट्राफिक प्रहरीले सिट्ठी बजाउदै खेद्ने जस्तो अशोभनीय दृश्यहरू सदैव हेर्नु परी रहन्छ र जनताको नजरमा ट्राफिक प्रहरी दुःख दिने निकाय र पात्रको रुपमा अझ चिन्हित हुन्छ । सरकारले खाली जग्गा अधिग्रहण गरी वा लिजमा लिएर भएतापनि अविलम्ब कार्य अगाडी बढाउन जरुरी छ ।

२. स्तुपाको परिक्रमा गर्दा वरिपरी विच्छाईएको ईटाहरू समतल छैन, जसले गर्दा अशोभनीय देखिनका साथै भुईंमा नहेरी हिड्दा कुनै कुनै ठाउँमा खुट्टा बांगिने र चोटलाग्ने संभावना देखिन्छ । वरीपरी प्रशस्त सरसफाईको समेत व्यवस्था छैन । यो समस्या तत्काल सुधार गर्न कुनै रकेट साइन्स चाहिन्न ।

३. पर्यटक प्रहरीको देखिने गरी उपस्थिति हुनु पर्छ र प्रहरी राम्रो तालीम प्राप्त, सफा सुग्घर हुनका साथै बोलीचालीमा मधुर र सुलभ हुनु पर्छ । पर्यटन तथा संस्कृति मन्त्रालयले यसको उत्थान र प्रगतीकोलागि गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयसंग समन्वय गरी रहनु पर्छ ।

४. बौद्धनाथ क्षेत्र संरक्षण समितिको पदाधिकारीमा स्थानीय, सम्बन्धित धर्म संस्कारलाई बुझेको र दक्ष इमानदार पदाधिकारीको खोजी र नियुक्ति गरिनु पर्छ ।

५. सम्पूर्ण आय-व्यय र यसको समुचित प्रयोग भए नभएको साथै अपचलन भएकोमा कानून बमोजीम दण्डित गर्नु पर्छ । उठेको रकम यस क्षेत्रको विकास र संवर्धनमा प्रयोग हुनु पर्छ ।

६. स्थानीयवासीलाई आफ्नो अमुल्य निधिको सुरक्षा र संवर्धन गर्नकालागि प्रोत्साहित गर्नु पर्छ र युनेस्कोद्वारा संरक्षित क्षेत्रको सीमा स्तम्भको सुरक्षा र थप योजनाहरू कार्वान्यनको दिशा तर्फ लैजानु पर्छ ।

निष्कर्ष :

हाम्रो देशमा यत्तिबेला विगतको लापरवाही र संरक्षणवादी नीतिको कारण समस्या र विकृतिको पहाड थुप्रिएको छ, यसको निदान इमानदार, योग्य र राष्ट्रप्रेम भएको राजनीतिक नेतृत्वबाट मात्र संभव छ । यो मुलुकमा राजनीतिक पात्रहरूले थुपारेको वेथिति र विसंगती राजनीतिक अठोठ र भागीरथी प्रयत्नबाट मात्र सुधार गरिन सम्भव छ । हाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको रुपमा प्रेम बहादुर आले आउनुभएको छ, उहाँले यसपटकको महाशिवरात्रिको शुभ अवसरमा लिनु भएको सरोकार र चासो आम जनमानसमा प्रशंसाको विषय भएको छ, तसर्थ यस बौद्ध धर्मावलम्बीहरूको प्रमुख स्थल र काठमाडौं आउने कुनैपनि पर्यटकले छुटाउन नचाहने, नेपालको परिचय दिने यस पर्यटकीय क्षेत्रमा व्याप्त निराश लाग्दो अवस्था बाट मुक्तिकोलागि आवश्यक चासो लिनुहुने छ र तदनुरूपको प्रयास समेत हुने छ भन्ने विश्वास लिएको छु । घोर निराशाजनक अवस्थामा चुर्लुम्म डुबेको नेपालमा सक्दो काम गरेर देखाउदै जानोस् प्रेम बहादुर आलेजी, देश र देशको सम्पदा बचाउनु होस् ।

(पूर्व एसएसपी, नेपाल प्रहरी)

स्वास्थ्य

## नरिवलका फाइदा

नरिवलको प्रयोग सामान्यतया पूजा पाठमा हुने गर्दछ । तर तपाईलाई थाहा छैन होला नरिवलको एक टुक्राले शरीरलाई कस्ता फाइदा पुर्याउँछन् । यसले शरीरको रोग प्रतिरोधी क्षमता वृद्धि गर्नुका साथै स्मरण शक्ति बढाउँछ । लण्डनबाट पीएचडी गरेकी भोपालकी गिताञ्जली शर्माले यसका अन्य फाइदाबारे जानकारी दिएकी छिन् । डाक्टर शर्माका अनुसार नरिवल भिटामिन, मिनरल्स, कार्बोहाइड्रेट र प्रोटिनको राम्रो स्रोत हो । गर्मीमा यसले शरीरलाई शितलता प्रदान गर्छ । काँचो नरिवलमा पानीको मात्रा पनि हुन्छ त्यसकारण शरीरलाई हाइड्रेट गर्दछ । यसले कपाल र छालालाई स्वस्थ बनाउँछ ।

यदि तपाईलाई कब्जियतको समस्या छ भने नरिवलको एउटा ठूलो टुक्रालाई खाएर सुत्नुहोस् । बिहान तपाईको पेट सफा हुन्छ । यसमा फाइबर पाइने भएकाले पेट सफा गर्दछ । जसलाई गर्मीमा नाकबाट रगत आउँछ, उनीहरूका लागि यो औषधीजस्तै हो । यसलाई मिश्रीसँग खाँदा नाकबाट रगत आउने समस्या समाधान हुन्छ । यदि कसैलाई बान्ता आइरहेको छ भने नरिवलको टुक्रा मुखमा राखेर केही बेरसम्म चपाउँदा रोकिन्छ । साथै, नरिवलमा गुड कोलेस्ट्रोल पाइन्छ जसले मुटुलाई स्वस्थ राख्न सहयोग गर्दछ । यो एक एन्टिबायोटिक हो, यसले हरेक प्रकारको एलर्जी हटाउन सहयोग गर्दछ । नरिवलको तेल राम्रो सनस्क्रिन हो । घाममा निस्कनु अघि यसलाई छालामा लगाएर निस्कनुहोस् । डण्डिफोरबाट राहत पाउनका लागि घिरौंलाको रसमा नरिवलको पानी मिसाएर अनुहारमा लगाउनुहोस् ।

## समाचार संक्षेप

### सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । बाँके, कोहलपुर नगरपालिका-२ सालकोबुटास्थित सडकमा भे.१० प ७१२१ नम्बरको मोटरसाइकल र भे.१ ह ६२२५ नम्बरको अटो एक-आपसमा ठोक्किएर आइतबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार बैजनाथ गाउँपालिका-१ चिसापानी बस्ने २८ वर्षीय विष्णु रावलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । दुवै सवारी साधन र अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । कपिलबस्तु, वाणगंगा नगरपालिका-११ ओदारीस्थित सडकमा एमपीओ८जीए४०६८ नम्बरको ट्रकले लु.१ ह १९२३ नम्बरको अटोलाई आइतबार राति ठक्कर दिँदा अटो चालक वाणगंगा नगरपालिका-११ बस्ने २६ वर्षीय अनिल गाहाको घटनास्थलमै मृत्यु भएको छ । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### डुबेर मृत्यु

काठमाडौं । मोरङ, जहदा गाउँपालिका-४ बस्ने सम्भु यादबको छोरा १८ वर्षीय उपेन्द्र यादवको सोही ठाउँस्थित लोहान्द्रा खोलामा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । खोलामा माछा मार्ने क्रममा डुबेर अशक्त भएका उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

तनहुँ, भानु नगरपालिका-१ चुदी खोलामा डुबेर सोही ठाउँस्थित एसबीएस इँटाभट्टामा काम गर्ने रोल्पा थपाङ गाउँपालिका-६ बस्ने १८ वर्षीय सुनिल बुढा मगरको आइतबार दिउँसो मृत्यु भएको छ । साथीहरू सँग खोलामा नुहाउने क्रममा डुबेर अशक्त भएका उनको मोती अस्पताल डुम्रेमा उपचारको क्रममा मृत्यु भएको हो । कञ्चनपुर, पुनर्वास नगरपालिका-२ अरनिकोवस्ती बस्ने दिल बहादुर तमाङको छोरा २ वर्षीय अनुरोध तमाङको डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । घर नजिकै रहेको पानीको धारा नजिक पानीको खाल्टोमा डुबेर अशक्त भएका उनको उपचारको लागि बीएन पोलीक्लिनिक अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । दाङ, घोराही उपमहानगरपालिका-९ तेघरा बस्ने गंगा राम बुढाकी १८ महिनाकी छोरी सृष्टी बुढाको डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । आफ्नै घरमा खेल्ने क्रममा पानीको वाल्टीमा डुबेर अशक्त भएकी उनको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा मृत्यु भएको हो ।

### सवारी दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौं । रुपन्देही, मायादेवी गाउँपालिका-४ गुण्डीस्थित सडकमा बा.६ च ९४४७ नम्बरको कारको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ५५ बर्षीय रामकेवल मल्लाहको सोमबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कैलाली, धनगढी उपमहानगरपालिका-१३ राजपुरस्थित सडकमा बा.२ ख ५१५५ नम्बरको ट्रकको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने टेकेन्द्र कुँवरकी छोरी १६ वर्षीया स्वस्तीका कुँवरको सोमबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बाँके, नेपालगंज उपमहानगरपालिका-२० राझाँ चोकमा ड्युटीमा खटिएका अस्थायी प्रहरी बिट राझाँ बाँकेमा कार्यरत ३६ वर्षीय प्रहरी हवल्दार भुपेन्द्र शाहीको भे.१० प ४७५७ नम्बरको मोटरसाइकलको ठक्करबाट सोमबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नर्सिङहोम नेपालगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो । साथै सोही मोटरसाइकलको ठक्करबाट घाइते भएका १ जना प्रहरी कर्मचारीको सोही अस्पतालमा उपचार भइरहेको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उक्त चोकमा ट्राफिक सहितको संयुक्त चेकिङ भइरहेको अवस्थामा नेपालगंजबाट कोहलपुरतर्फ जाँदै गरेको सो मोटरसाइकलले उनीहरूलाई ठक्कर दिएको थियो ।

महोत्तरी, औरही नगरपालिका-४ कठुधारमा अनटेष्ट लेखिएको मोटरसाइकललाई प्र.२-०२-००१ च ०८४१ नम्बरको गाडीले सोमबार राति ठक्कर दिँदा मोटरसाइकल चालक गौशाला नगरपालिका-२ बस्ने २२ वर्षीय संजित मण्डल र मोटरसाइकलमा सवार सम्सी गाउँपालिका-१ पर्सा बस्ने १२ वर्षीय धिरज मण्डलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कपिलवस्तु, वाणगंगा नगरपालिका-२ स्थित सडकमा सु.प्र.प.०१-००१ ख २९५६ नम्बरको ट्रकमा लु.७८ प ९६६१ नम्बरको मोटरसाइकल सोमबार राति ठक्कर खाँदा मोटरसाइकल चालक बुद्धभूमि-८ डुमरा बस्ने ४० वर्षीय गणेश आचार्यको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पिपरा अस्पताल हुँदै एडभान्स सिटी अस्पताल बुटवलमा थप उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं महानगरपालिका-१२ टेकु डेरा गरी बस्ने सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-२ घर भएकी ४८ वर्षीया टेक कुमारी घर्ती क्षेत्री आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।यसैगरी काठमाडौं, नागार्जुन नगरपालिका-१० स्युचाटार अमरज्योति स्कुल नजिक सडक पेटीमा मोरङ सुन्दरहरैचा नगरपालिका-६ गोठगाउँ घर भई स्युचाटार बस्ने ७५ वर्षीय कृष्ण बहादुर आचार्य सोमबार मृत अवस्थामा फेला परेका छन् ।

भक्तपुर, चाँगुनारायण नगरपालिका-७ बागरेस्थित टहराभित्र हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ४० वर्षीया महिलाको शव फेला परेको छ । ललितपुर, ललितपुर महानगरपालिका-१० कुपण्डोल बाग्मती पुलमुनि भक्तपुर चाँगुनारायण नगरपालिका-७ बागेश्वरी घर भएका ४५ वर्षीय बिनोद गुरुङ मंगलबार मृत अवस्थामा फेला परेका छन् । झापा, शिवसताक्षी नगरपालिका-११ सताक्षीधाम मन्दिरस्थित गुरुकुल भवनको अतिथिगृहको कोठामा भारत मुम्बई घर बताउने ५५ वर्षीय महेश शिवाजी पाटिन सोमबार मृत अवस्थामा फेला परेका छन् । सुनसरी, धरान उपमहानगरपालिका-११ ओमशान्ति मार्गस्थित घरको प्यासेजमा ४५ बर्षीय प्रकाश तामाङ सुतेको अवस्थामा सोमबार मृत फेला परेका छन् ।

नियात्रा

# स्मृतिको क्यानभासमा नयाँ रङ-५

✍ रामप्रसाद पन्त

यस यात्राको मेरो प्रमुख आकर्षण– सिमला । सम्भवत: साथीहरूका लागि पनि .... ।

म अत्यन्त रोमाञ्चित भएको छु । काउकुती लागेजस्तो भएको छ मलाई सिमलाको आकर्षणले । मन तानिएको छ नजानिँदो गरी । विचारमग्न छु, मसुरी त यस्तो छ भने हिमाचलको राजधानी कस्तो होला !

आज कार्तिक ११ गते । यात्राको पाचौं दिनमा छौं हामी । हामी अर्थात् मोहन कायस्थ, रामबाबु सुवेदी, राधेश्याम लेकाली, पवन आलोक, सुमन ताम्राकार र यो पङ्क्तिकार ।

सिमलालाई प्रमुख बासस्थान बनाएका छन् – जगदीश शमसेर राणाले । उनैको अतिथि बन्न जाँदै छौं हामी । फोन सम्पर्क गरिसकेका छन् रामबाबुले ।

सिद्धिचरण श्रेष्ठ प्रतिष्ठानका अध्यक्षको साइनो जोडेर कोषाध्यक्षको पदवी पाएका रामबाबुले जगदीशसँग फोनमा कुराकानी गर्नु अस्वाभाविक थिएन ।

हामीलाई चिन्ता कतिमात्र छ भने देहरादूनको नेपाली साहित्य त यस्तो छ भने झन् पर सिमलाको साहित्य कस्तो होला ! कार्यक्रमको एकमुष्ट जिम्मेवारी जगदीशमाथि छ । उनी जे गर्छन् त्यसलाई स्वीकार गरेर फर्कनु बाहेक अर्को विकल्प छैन हामीमा । हामीलाई थाहा छैन, जगदीश बाहेक अर्को नेपाली वा नेपालीभाषी साहित्यकार सिमलामा छ कि छैन ?

हामीले हिजो मसुरीमा ब्रेकफास्ट खाएर दूनप्रदेशतिर ओरालो लागेजस्तै आज पनि आठै बजे ब्रेकफास्ट खाएर देहरादूनस्थित गोर्खाली सुधारसभाको भवन अगाडि गाडीको प्रतीक्षामा उभिएका छौं । हामीलाई सिमला पुऱ्याउने वातानुकूलित ल्यान्डक्रुजर गाडी हिजै राधेश्यामजीको सक्रियतामा सम्झौता भइसकेको छ । लेकाली चल्तापुर्जा छन्, अगाडि सरेर काम पनि गर्छन् र अग्रस्थान उनका लागि सुरक्षित पनि रहने गर्छ । यसमा हामी कसैको विवाद वा प्रतिवाद केही पनि छैन ।




दश मिनेटमात्र ढीलो गरेर गाडी आएको छ, हामीले आफ्नो झोलागुन्टा गाडीमा राखेका छौं र चाँडोभन्दा चाँडो देहरादूनलाई बाईबाई गर्ने मनस्थितिमा छौं ।

भूपेन्द्र अधिकारीले हामीलाई भावपूर्ण बिदाई गर्दै छन् र हिजोका कार्यक्रममा भएका कमीकमजोरीका बारेमा क्षमा याचना गर्दै छन् । भन्दै छन्– 'लाहुरेहरूको समाजमा बसेपछि साहित्य चाम्रिँदो रहेछ । बन्दुकै बन्दुकको ओतमा परेको साहित्यले दह्रो खुट्टा टेकेर उभिन सक्दो रहेनछ । आर्मीको आदेशमा चलेको साहित्य उन्मुक्त बन्न सक्दो रहेनछ । आर्मीले थिचेको साहित्य टाक्सिदो रहेछ । आर्मीको झापसमा परेको साहित्य खिल्खिलाएर उठ्न सक्दो रहेनछ । हिजोको कार्यक्रम रथीहरूको समयलाई ध्यानमा राखेर निर्धारण गर्नुपर्दा सोचेजस्तो हुन नसकेको हो ।'

भूपेन्द्रले अन्त्यमा भने – अर्को महिना म काठमाडौं आउँछु, त्यसपछि तपाईंहरूको यात्राले पुनः यसैगरी निरन्तरता पाउँदै जानेछ ।

अब भने हामीले भूपेन्द्रलाई बाईबाई गर्ने बेला भयो । उनले हात हल्लाए, हामीले हात हल्लायौं । त्यस हल्लाइमा नेपाली पन थियो, नेपाली मन थियो, नेपाली भाषाको नाता थियो, नेपाली साहित्यको मर्मस्पर्शी भावना लुकेको थियो ।

हामी गढीकैन्ट, छाउनी हुँदै सहरको मुटुतिर ओर्लियौं । बाटो छेउको लम्मेतान पर्खालभित्र घना जङ्गल देखियो । यति जनघनत्व भएको ठाउँमा यति ठूलो घनाजङ्गल ? सम्झेँ, हाम्रै भण्डारखाल बगैंचा । त्यति अव्यवस्थित र त्यति सानो हो र ! व्यापक भूभाग ओगटेको थियो त्यस उपवनले । फेरि पर्खालैभरि बद्रीनाथ, केदारनाथ, गङ्गोत्री र जमुनोत्रीका कलात्मक चित्रहरू सजिएका थिए । चारधाम दर्शन गर्न कहीँ जानै नपर्ने ! कुन ठाउँ रहेछ यस्तो ? मेरो जिज्ञासा मेटिन समय लागेन । त्यो त फरेस्टी युनिभर्सिटी रहेछ । मेरो जिज्ञासा मेटाइदिने आजका हामी सबैका गुरु थिए– विष्णु केसी । आज हामी उनैको स्टेयरिङमा जीवन अड्याएर गुडिरहेका छौं । तसर्थ आज उनी गुरुमात्र नभएर हाम्रा जीवनाधार बनेका छन् ।

त्यसपछि आयो आइएमए इन्डियन मेलिटरी अकादमीको विस्तृत एरिया । क्रमशः आउँदै गए – उत्तराञ्चल विश्वविद्यालय, उत्तराखण्ड तकनकी विश्वविद्यालय, आइसिएफए युनिभर्सिटी, सिद्ध हनुमान मन्दिर र शिवमन्दिरहरू ...... ।

अलिअलि त मलाई थाहा थियो, देहरादून भनेको शास्त्रवीर र शस्त्रवीर निर्माण गर्ने थलो हो । अर्थात् यहाँ शिक्षाको खानी छ र गोर्खाली सेना उत्पादन गर्ने कारखाना त छँदै छ । त्यसैले म जता हेरे पनि बढी मात्रामा देख्दै छु– विश्वविद्यालयहरू, विद्यालयहरू र आर्मी क्याम्पहरू ।

हामीले कुन्नि कहाँनेरबाट छोडिसकेछौं ऋषिकेश, हरिद्वार जाने बाटो र लागेछौं उत्तर-पश्चिम सिमलातर्फ । मैले मेसो पाउनै सकिनछु ।

अब भने बस्ती पातलिँदै गयो । खेतीयोग्य जमिन देखिँदै गयो, खाली खाली असीमित भूभाग देखिँदै गयो अनि जम्काभेट हुँदै गयो खहरेखोलाहरूसित पनि । वास्तवमा भित्रीमधेश वा दूनप्रदेशहरूमा यस्ता खहरेखोलाहरूको घनत्व अत्यधिक हुन्छ । हाम्रै हेटौंडा, उदयपुर, नवलपरासी र दाङहरूका निरस र उजाड खोलाहरूले प्राकृतिक सुन्दरतामाथि नै आक्रमण गरेका छन् ।

(क्रमशः)

# भारतले यसरी गर्‍यो सिक्किम कब्जा



विष्णु भट्टराई

१९७५ अप्रिल ६ को बिहान सिक्किमका राजा चोग्यालले आफ्नो राजदरबारको गेटबाहिर भारतीय सैनिक ट्रकहरूको आवाज सुने। उनी दौडिएर झ्यालको छेउमा गए। उनको दरबारलाई चारैतिरबाट भारतीय सैनिकहरूले घेरा हालिसकेका थिए। चारैतिर मेसिनगन चलेको आवाज सुनियो र दरबारको गेटमा खटिएका वसन्तकुमार क्षेत्री गोली लागेर ढले।

सिक्किम कब्जा गर्न खटाइएका पाँच हजार भारतीय फौजलाई सिक्किमको राजदबारमा खटिएका २ सय ४३ जना सुरक्षाकर्मीलाई नियन्त्रणमा लिन आधा घण्टा पनि लागेन। त्यो दिन १२ बजेर ४५ मिनेट जाँदा सिक्किमको स्वतन्त्र देशको हैसियत समाप्त भइसकेको थियो। राजा चोग्यालले ह्याम रेडियोमार्फत त्यसको सूचना पूरै विश्वलाई दिएका थिए। उक्त आपतकालीन सन्देश ब्रिटेनको एउटा गाउँमा बस्ने अवकाशप्राप्त चिकित्सक, जापान र स्विडेनमा बस्ने अन्य दुई जनाले सुनेका थिए। त्यसपछि चोग्याललाई भारतीय सेनाद्वारा उनकै घरमा नजरबन्दमा राखियो। दिल्ली नगरका आयुक्त बिएस दास त्यसको भोलिपल्ट दिउँसोको खाना खाइरहेका थिए। यत्तिकैमा उनलाई विदेश सचिव केवल सिंहको फोन आयो र उनी तुरुन्तै उनलाई भेट्न हिँडे।

विदेश मन्त्रालयमा पुग्ने बित्तिकै केवल सिंहले उनलाई न्यानो स्वागत गर्दै भने, 'तपाईंलाई सिक्किम सरकारको जिम्मेवारी सम्हाल्न तुरुन्तै गान्टोक पठाइँदै छ, तपाईंसँग तयारीका लागि मात्रै २४ घण्टा छ', उनले आदेश दिँदै भने। भोलिपल्ट सिलीगुडीबाट दास हेलिकोप्टर चढेर गान्टोक पुगे। उनको स्वागतका लागि चोग्यालका विरोधी काजी लेन्डुप दोर्जी, सिकिम्मका मुख्यसचिव, प्रहरी आयुक्त र भारतीय सेनाका प्रतिनिधि बसिरहेका थिए। दासलाई र्‍यालीसहित पैदल हिँडाएर उनको निवासमा पुर्‍याइयो। त्यसको एक दिनअघि उनले चोग्यालसँग भेट्ने समय मागेका थिए। तर, उनलाई राजाले आफूले ज्योतिषीलाई सल्लाह गरेर मात्रै समय दिनसक्ने जवाफ दिएका थिए।

दास भन्छन्, 'त्यो त एउटा बहाना मात्रै थियो खासमा उनी, म र मेरो ओहदालाई मान्यता नदिएको देखाउन चाहान्थे।' भोलिपल्ट चोग्यालले दासलाई बोलाए तर त्यहाँको माहोल एकदमै कटूतापूर्ण थियो। चोग्यालको पहिलो वाक्य थियो, 'मिस्टर दास, सिक्किम तपाईंहरूले कब्जा गर्नुभएको गोवा जस्तै हो भन्ने भ्रममा नरहनुहोला।' उनले भुटानजस्तै दर्जा सिक्किमलाई दिलाउन निकै प्रयास गरेका थिए। 'हामी एक स्वतन्त्र सम्प्रभुसत्ता सम्पन्न देश हौँ, तपाईंले हाम्रो संविधानअनुसार काम गर्नुपर्छ, भारतले तपाईंको सेवा हाम्रो सरकारलाई दिएको छ, यो विषयमा कुनै भ्रम हुनुहुँदैन र हामीलाई दबाउने प्रयास कहिल्यै नगर्नुहोला।' सिक्किमलाई भारतको कब्जामा लिनका लागि दासले महत्वपूर्ण भूमिका खेलेका थिए।


एक दिनअघि बिएस दास त्यहाँ खटिएका आफ्ना साथी शंकर वाजपेयीलाई भेट्न जब इन्डिया हाउस पुगे तब उनलाई वाजपेयीले केबल सिंहबाट के निर्देशन लिएर आएका छौँ भनेर सोधिएको थियो। दास सम्झन्छन्, 'मलाई सिक्किमका जनताका आकांक्षा पूरा गर्न मद्दत गर्नु भन्नेबाहेक कुनै पनि स्पष्ट निर्देशन थिएन, अरू वेलाजस्तै इन्दिरा गान्धीले कुनै औपचारिक राजनीतिक किसिमको वाचा गरेकी थिइनन्। अनि कब्जा भन्ने शब्दको त उच्चारणसमेत गरिएको थिएन।' उनले थपे, 'यहाँसम्म कि हामीलाई काम लगाइरहेका केबल सिंहले निजी कुराकानीमा समेत यो शब्द कहिल्यै प्रयोग गरेका थिएनन्, तर, सिधै नभनिए पनि मलाई र शंकर वाजपेयी दुवैलाई अब हामीले के गर्नुपर्छ भन्ने थाहा भइसकेको थियो।' दिवंगत वरिष्ठ राजनीतिक विश्लेषक इन्दर मल्होत्राका अनुसार सन् १९६२ मा भारत र चीनबीच युद्ध भएपछि सिक्किमलाई भारतमा गाभ्ने सोच भारतीय शासकले योजना बनाइसकेका थिए।

स्मारिक विज्ञहरूले महसुस गरे कि भुटान, सिक्किम र चीनको त्रिदेशीय सीमाक्षेत्र नजिकै पर्ने चीनतर्फको चुम्बी उपत्यकाबाट सिलिगुडीतर्फको 'चिकेन्स नेक' भनिने साँघुरो मार्ग हुँदै भारतको दुरी जम्मा २१ माइल मात्रै छ। चीनले आफूले चाहँदा एकै पटकमा उक्त क्षेत्र हुँदै उत्तरी भारतमा प्रवेश गर्न सक्ने डर भारतलाई थियो। चुम्बी उपत्यकाकै छेउमा पर्छ। सिक्किमका राजा चोग्यालले अमेरिकी महिला होप कुकसँग विवाह गरेका थिए। उनलाई कुकले उक्साउन थालेकी थिइन्। उनी राजा चोग्याललाई सिक्किमलाई पूरै स्वतन्त्र बनाउन उनले माग राखे भने अमेरिकाले साथ दिन्छ भन्ने लागेको थियो। तर, त्यस्तो कदम भारतलाई स्वीकार्य हुने थिएन। उनले विद्यालयहरूको पाठ्यक्रममा फेरबदल गरिदिएकी थिइन् र युवा अधिकारीहरूलाई बोलाएर उनी हप्तैपिच्छे बैठकहरू गर्ने गर्थिन्। जब रानीको भूमिका निर्वाह गर्थिन् उनी सिक्किमका कपडा लगाएर एकदमै विनम्रता साथ प्रस्तुत हुने गर्थिन् र मसिनो स्वरमा कुराकानी गर्थिन्। तर, जब उनी असन्तुष्ट हुन्थिन् उनी एकदमै रिसाउने गर्थिन्। धेरै रक्सी पिउने चोग्यालको बानीले उनी दुःखी थिइन् र त्यही विषयलाई लिएर दुईबीच झगडा भइरहन्थ्यो। सानासाना कुरामा उनीहरूका बीचमा विवाद हुने गर्थ्यो। एकचोटी रिसाएर चोग्यालले रानीको 'रेकर्ड प्लेयर' राजदरबारको झ्यालबाट बाहिर फ्यालिदिएको बताइन्छ।

अन्ततः होप कुकले सिक्किम छाडेर अमेरिका फिर्ता जाने निर्णय लिइन्। चोग्यालले उनलाई मुस्किलको त्यो वेलामा साथ दिन निकै अनुरोध गरेका थिए। तर, उनले मानिनन् र अमेरिका गइन्। उनलाई बिदा गर्न दास गएका थिए। उनले जाने वेलामा भनेको कुरा सम्झिँदै दास भन्छन, 'मिस्टर दास, मेरो पतिको ख्याल राख्नुहोला, अब यहाँ मेरो कुनै भूमिका छैन।' दासले राजदरबारका कैयौँ बहुमूल्य कलाकृति र चित्र लुकाएर होपले अमेरिका पुर्‍याएको जानकारी पाउँदा आफूलाई एकदमै दुःख लागेको बताएका छन्।

















दास भन्छन, '८ मेमा भएको सम्झौतामा हस्ताक्षर गरेर पनि चोग्यालले कहिल्यै मनभित्रैबाट त्यसलाई स्वीकार गरेनन्। सिक्किम बचाउनका लागि उनले देश बाहिरका कैयौँ मानिसहरूबाट मद्दत मागेका थिए। उनले एक जना महिला वकिललाई यो सम्झौता गलत हो भनेर वकालत गर्ने जिम्मेवारी नै दिएका थिए।' तर, उनको प्रयास सफल भएन। निर्वाचनको घोषणा भएपछि चोग्यालले दक्षिण सिक्किमको यात्रा गर्ने इच्छा जाहेर गरे।

चोग्यालसँग विदेशसचिव केवल सिंह र भारतले सिक्किम कब्जा गरेपछि काजी लेण्डुप दोर्जे दासले उनलाई त्यसो नगर्न सुझाव दिएका थिए। पहिला जब उनी ती क्षेत्रहरूमा जाने गर्दथे त्यहाँ उनको स्वागतका लागि सडकमा लामबद्ध भएर धेरै मानिसहरू बस्ने गर्दथे। तर, त्यो भ्रमणमा उनलाई पहिलोको जस्तो सम्मान गरेनन्। निर्वाचनमा चोग्यालले समर्थन गरेको नेस्नलिस्ट पार्टीले ३२ वटामध्ये एउटा मात्रै सिट जित्यो। जति पनि नयाँ सदस्यहरूले चुनाव जिते उनीहरूले चोग्यालको नाममा शपथ नलिने र उनी संसद्मा आए संसद्को कारबाहीमा भाग नलिने चेतावनी दिए। उनी भन्छन्, 'त्यसपछि चोग्यालले आफ्नो विरोध लेखेर पठाउने र मैले त्यो सबैको अगाडि पढेर सुनाइदिने अनि सिक्किमको नाममा शपथ लिने कुरा तय भयो।' यसैबीचमा नेपालमा राजाको राज्याभिषेकमा राजकीय अतिथिका रूपमा चोग्याल काठमाडौं आए। उनले पाकिस्तानी राजदूत र चीनका उपप्रधानमन्त्री चिन सी लिउसँग भेटवार्ता गरे र आफ्ना अप्ठेराहरू फुकाउन मद्दत मागे। बिएस दासले उनलाई एउटा लिखित दस्तावेज दिएका थिए जसमा बाहिरी समर्थन जुटाउन नलाग्न भनिएको थियो। तपाईंको राजवंशले निरन्तरता पाउनेछ, तपाईंका छोरा उत्तराधिकारी बन्नेछन्। तर, त्यसका लागि तपाईंले आफू संरक्षित रहेको स्वीकार गर्नुपर्नेछ र ८ मेमा भएको सम्झौता मान्नुपर्नेछ।'

उनले पदका लागि अडान छाडेनन्। चोग्यालको जवाफ थियो, 'मेरो देश स्वतन्त्र देश हो र यसलाई म छाड्दिनँ।' सन् १९७४ को जुन ३० मा चोग्यालले इन्दिरा गान्धीलाई आफ्नो पक्षमा उभ्याउने प्रयास गरेका थिए। त्यसवेला इन्दिरा गान्धीका सचिव रहेका पिएन धरले आफ्नो पुस्तक 'इन्दिरा गान्धी र द एमरजेन्सी एन्ड इन्डियन डोमोक्रेसी' मा उक्त भेटवार्ताको प्रसँग समेटेका छन्। उनले लेखेका छन, 'जसरी चोग्यालले आफ्नो मुद्दा इन्दिरा गान्धीसमक्ष राखे त्यसबाट म एकदमै प्रभावित भएँ, उनले भनेका थिए भारतले सिक्किममा जो नेताहरूलाई लिएर दाउ लगाइरहेको छ उनीहरू विश्वासगर्न योग्य छैनन्।' इन्दिराले जवाफमा उनले कुरा गरिरहेका राजनीतिज्ञहरू जनताले चुनेका प्रतिनिधि हुन् भनिन्। चोग्याल अरू केही कुरा गर्न खोज्दै थिए, इन्दिरा चुप लागिन्।

इन्दिराले मौनतालाई नकारात्मक प्रतिक्रियाका रूपमा प्रयोग गर्न खप्पिस थिइन्। उनी जुरुक्क उठिन् र आफ्ना दुई हात जोडेर रहस्यपूर्ण ढंगले मुस्कुराइन्। चोग्याल बिदा हुन सक्छन् भन्ने इशारा थियो त्यो। रोचक त यो थियो यी तिनै चोग्याल थिए जो सन १९५८ मा जवाहरलाल नेहरूका अतिथि बनेर दिल्ली आएका थिए र उनकै निवासस्थान तीनमूर्ति भवनमा बसेका थिए। राजा चोग्याल अनौठो र इमानदार व्यक्तित्वका धनी थिए उनले कहिले पनि सिक्किमको पृथक पहिचानसँग सम्झौता गरेनन्। दास भन्छन, उनले एकपटक मात्रै चोग्याललाई हार स्वीकार गरेको देखे। उनका छोरा तथा उत्तराधिकारीको दुर्घटनामा निधन भएपछि उनले आत्महत्याको प्रयास गरेका थिए। यसैबीच उनकी पत्नी होप कुक पनि आफ्ना दुई बच्चालाई लिएर चोग्याललाई छाडेर गइन्। उनलाई यो सबै झेल्न निकै मुस्किल भयो। सन १९८२ मा क्यान्सरबाट कुकले ज्यान गुमाइन्। जब सिक्किमलाई भारतमा विलय गराउने प्रक्रिया सुरु भयो चीनले त्यसको तुलना सन् १९६८ मा रुसले चेकोस्लोभाकियामाथि गरेको आक्रमणसँग गर्‍यो। त्यसवेला इन्दिरा गान्धीले चीनले तिब्बतमाथि गरेको आक्रमणको सम्झना गराइन्।

भुटान भने खुसी भयो किनभने उसलाई लाग्यो अब सिक्किमसँग जोडेर आफूलाई हेर्दैन। तर, सबभन्दा बढी विरोध नेपालमा भयो। सिक्किममा सबैभन्दा बढी ७५ प्रतिशत जनसंख्या नेपाली मूलका व्यक्तिहरूको थियो। भारतभित्र धेरै स्थानमा त्यसको विरोध भयो। जर्ज वर्गिजले हिन्दुस्तान टाइम्समा 'अ मर्जर इज अरेन्ज्ड' भन्ने शीर्षक दिएर सम्पादकीय लेखे। 'जनमत संग्रह यति हतारमा गराइयो कि यो पूरा प्रक्रिया सन्देहको घेरामा पर्‍यो। जनमत संग्रहमा यस्तो प्रश्न सोधियो, तपाईं चोग्यालको पद समाप्त गरिँदै छ र सिक्किम भारतको हिस्सा बन्दै छ भन्नेमा सहमत हुनुहुन्छ? यी दुवै अलग-अलग मुद्दा थिए जसको आपसमा कुनै सम्बन्ध थिएन। आश्चर्य यो गान्धी तथा नेहरूको देशबाट भइरहेको छ।'

सिक्किमलाई भारतले कब्जा गर्दा राजनेताका साथमा भारतको गुप्तचर एजेन्सी रअ ले पनि महत्वपूर्ण भूमिमा खेलेको थियो। दास त्यसवेला विभिन्न भोजहरूमा रअका अधिकारीसँग भेट भएको बताउँछन्। उनी भन्छन्, 'म उनीहरूसँग सोध्थेँ मलाई बताउनुस् न के भइरहेको छ। तर, उनीहरू मलाई केही बताउँदैन थिए। एकदिन उनीहरू मेरो घर आए र भने माफ गर्नुहोला हामी तपाईंसँग कुनै कुरा गर्न सक्दैनौँ। हामीसँग निर्देशन छ कि मुख्य कार्यकारी अधिकारीलाई सिक्किममा भइरहेको कुनै घटनाको बारेमा नबताइयोस् किनभने उसले आफूसँग भएको जानकारी चोग्याललाई बताउन सक्छ। म तपाईंलाई इमानदारीका साथ भन्छु अन्तिम दिनसम्म सिक्किममा के भइरहेको छ भन्ने मलाई भारतको गुप्तचर एजेन्सीबाट कहिल्यै जानकारी दिइएन।


इन्दर मल्होत्रा ठान्छन् रअको सिक्किम कब्जामा निर्णायक भूमिका अवश्य थियो तर त्यसबारे राजनीतिक नेतृत्वले दिशानिर्देश गरेका थिए। इन्दिरा गान्धीले रअका प्रमुख रामनाथ काव, पिएन हक्सर र पिएन धर सम्मिलित बैठक बोलाएकी थिइन्। कावसँग सल्लाह माग्दा उनको जवाफ थियो, 'मेरो काम सरकारको निर्णय कार्यान्वयनमा ल्याउने हो सल्लाह दिने होइन।'

दास भन्छन, 'यो पूरा प्रकरणमा इन्दिरा गान्धीलाई सबै जानकारी दिइएको थियो भन्ने हामीलाई विश्वास छ। मैले इन्दिरा गान्धीसँग ११ वर्ष काम गरेको छु। कसैले उनीसँग निहुँ खोजेको छ भने उनी त्यसलाई माफ गर्दिन थिइन्। राजा चोग्याललाई कहिल्यै पनि बदल्न सकिन्न भन्ने उनलाई लागेको थियो। सम्पूर्ण सिक्किम प्रकरणमा उनी प्रमुख नायिका थिइन् हामी त उनका सहयोगी मात्र।'

सिक्किमलाई भारतको २२औँ राज्य बनाउन संविधान संशोधन विधेयक २३ अप्रिल १९७५ मा लोकसभामा पेस गरिएको थियो। सोही दिन २९९-११ मतले उक्त विधेयक पारित गरिएको थियो। राज्यसभाबाट उक्त विधेयक २६ अप्रिलमा पारित भयो र १५ मे, १९७५ मा जब राष्ट्रपति फखरुद्दिन अली अहमदले यो विधेयकमा हस्ताक्षर गरे र नामग्याल राजवंशको शासन समाप्त भयो। *(बिबिसीको सहयोगमा)*

प्रेरक

## राष्ट्रियता



स्वामी रामतीर्थ वेदान्त प्रचारका लागि जापान गएका थिए । त्यहाँ उनलाई एउटा विद्यालयले प्रवचनका लागि आमन्त्रण गऱ्यो । रामतीर्थ प्रवचन दिन सो विद्यालयमा पुगे ।

विद्यालयका किशोर विद्यार्थीहरूले स्वामीलाई घेरे । स्वामीले किशोरहरूमध्ये एकलाई सोधे- बाबु, तिमी कुन धर्म मान्छौ ? किशोरले जवाफ दियो- बुद्ध धर्म ।

स्वामीले फेरि प्रश्न गरे- तिमीले किन बुद्ध धर्म मानेको ?

किशोरले जवाफ दियो- उहाँ ठूलो भगवान हुनुहुन्छ ।

तिमीले कन्फ्युसियसको नाम सुनेका छौं ?

स्वामीले फेरि सोधे किशोरसँग ।

किशोरले भन्यो- सुनेको छु । उहाँ पनि ठूलै भगवान हो ।

त्यसपछि स्वामीले भने- बाबु बुद्ध र कन्फयुसियसले नेतृत्व गरेको सैन्य शक्तिले जापानमाथि आक्रमण गऱ्यो भने तिमी के गर्छौ ?

किशोरले आक्रोशित मुद्रामा जवाफ दियो- म तरबारले बुद्धको टाउको काटिदिनेछु र त्यो टाउको कन्फ्युसियसको खुट्टामा राखिदिनेछु ।

स्याबास किशोर स्वामीले त्यो किशोरलाई धाप मार्दै भने- जुन देशमा यस्ता किशोरहरू हुन्छन् त्यो देश कहिल्यै अरुको गुलाम हुन सक्दैन । जुन देशका किशोरहरू आफ्नो देशलाई भगवानभन्दा महान ठान्छन् त्यो देश अवश्य विकसित हुन्छ । देश समृद्ध शान्त र वैभवशाली हुन्छ जनता सधैं सुखी रहन्छन् । आजका किशोरहरू नै भोलिका देशका भाग्य निर्माता हुनेछन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । नयाँ काम प्रारम्भ हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

### वृष

पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ र सहयोगीहरू भेटिनेछन् । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मिथुन

काममा फजुल खर्च बढ्नेछ भने बेलैमा होस नपुग्नाले अर्थ अभाव देखापर्न सक्छ । समय दिन नसक्दा काम रोकिनेछ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । अरूको करकापमा परी आफ्नो मान्यता विपरीतको काम गर्नुपर्ने अवस्था आउन सक्छ । आफन्तबाट पनि टाढिनुपर्ला । धार्मिक कार्यमा मन लाग्नेछ । केही पारिवारिक खटपट आउन सक्छ ।

### कर्कट

मिहिनेतले राम्रो परिणाम दिलाउनेछ । तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । कृषि, पशुपालनमा आदिमा फाइदा हुनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । तर, उठेको रकम अरूका लागि खर्चनुपर्ने परिस्थिति आउन सक्छ ।

### सिंह

प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । तर पहिलेका कमजोरी बाहिर आउनाले केही समस्या पनि देखापर्ने सम्भावना छ । तापनि विभिन्न अवसरले पछ्याउनेछन्, गोपनीयतामा ध्यान पुर्याउनुहोला । मिहिनेत गर्दा भविष्यका लागि जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग सहकार्य हुन सक्छ । नोकरी तथा पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ ।

### कन्या

सानो प्रयत्नले तारिफयोग्य काम थालनी हुनेछ । धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला । चिताएको काम छिटै सम्पादन हुनेछ । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । व्यवसाय विस्तार गर्ने समय छ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । सामाजिक दायित्व बढ्नेछ । दिगो कामको जग बसाउनुका साथै दाम र प्रतिष्ठा कमाउने बेला छ । मिहिनेतको प्रतिफल प्राप्त हुनेछ ।

### तुला

शरीरमा कमजोरी अनुभूति हुनेछ । जोखिमपूर्ण तथा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ । स्वास्थ्यका लागि विश्राम र आहारविहारमा ध्यान पुर्याउनुहोला । पहिलेका समस्या दोहोरिनाले काम अधुरो रहनेछ । अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला । विचार पुऱ्याएर काम गर्नुपर्ला ।

### वृश्चिक

बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने समय छ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यापार र पेसामा राम्रै फाइदा हुनेछ । रमाइलो यात्रा हुनुका साथै स्वादिष्ट खानपानको समेत आनन्द प्राप्त हुनेछ । दिगो फाइदा हुने योजना समेत कार्यान्वयन गर्न सकिनेछ । यात्राको सम्भावना छ ।

### धनु

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन् । भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ । छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ ।

### मकर

अवसरका साथै भौतिक साधन समेत जुट्नाले दिन उत्साहजनक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । अध्ययनमा प्रगति हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुग्न सकिनेछ । शैक्षिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ । बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । नयाँ काम शुभारम्भ गर्ने समय छ । गुरुजनको साथ-सहयोग जुट्नेछ ।

### कुम्भ

हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ । अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला । आफ्नो कमजोरी बाहिरिनाले आलोचकहरू बढ्न सक्छन् । परिस्थितिवश नियमित काम अधुरो रहला । बेसुरको निर्णयले समस्या निम्त्याउन सक्छ । नतिजा कमजोर देखिनाले काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । तत्कालको फाइदा हेर्दा लाभांश गुम्न सक्छ ।

### मीन

प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।

# समाचार

## सवारी दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं । बाँके, राप्ती सोनारी गाउँपालिका-२ जिरोस्थित सडकमा लु.१ च ८११९ नम्बरको स्कारपियोले भे.५ प ७१५५ नम्बरको मोटरसाइकललाई मंगलबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालक बर्दिया बांसगढी नगरपालिका-४ घर भएका २८ वर्षीय हिरालाल थारुको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । स्कारपियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दाङ, लमही नगरपालिका-३ बनगाउँस्थित सडकमा बा.१० च २५८१ नम्बरको कार र रा.६ प ६८४९ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई मंगलबार बेलुकी दुर्घटना हुँदा मोटरसाइकल चालक राप्ती गाउँपालिका-१ भालुबाङ बस्ने २५ वर्षीय नरेन्द्र जिसीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका नरेन्द्रको लमही अस्पताल लमहीमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार रहेका कार चालकको प्रहरीले खोजी गरिरहेको छ ।

सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-१० रहरपुरस्थित सडकमा भे.२ प २ ९३४ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई गए राति दुर्घटना हुँदा मोटरसाइकल चालक वीरेन्द्रनगर नगरपालिका-७ बस्ने १९ वर्षीय चन्द्र बहादुर सिजालीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कर्णाली प्रदेश अस्पताल कालागाउँमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार वीरेन्द्रनगर नगरपालिका-१२ बस्ने २१ वर्षीय बल बहादुर कामीको सोही अस्पतालमा उपचार भइरहेको छ ।

मुगु, खत्याड गाउँपालिका-७ गम्थास्थित सडकमा भे.१ त ९८१३ नम्बरको ट्याक्टर सडकबाट करिब २० मिटर तल खसेर मंगलबार बेलुकी दुर्घटना हुँदा ट्याक्टर चालक सोही गाउँपालिका-७ गम्फा बस्ने २० वर्षीय धनसिङ परियारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र रातापानीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार खत्याड गाउँपालिका-११ बस्ने १७ वर्षीय मनोज कार्कीको प्राथमिक स्वास्थ्य केन्द्र रातापानीमा उपचार भइरहेको छ ।

## नदीमा डुबेर विद्यार्थीको मृत्यु

लमजुङ । सुन्दरबजार नगरपालिका-९ सिउडिवारस्थित मर्स्याङ्दी नदीमा पौडी खेल्ने क्रममा सोही नगरपालिकास्थित फ्यूचर स्टार माविमा अध्ययनरत सोही विद्यालयको होस्टेलमा बस्ने तनहुँ भानु नगरपालिका-९ बाईसजागर घर भएका १८ वर्षीय सनिस श्रेष्ठको मंगलबार दिउँसो डुबेर मृत्यु भएको छ । अन्य दुईजना साथीसँग मिलेर नदीमा पौडी खेल्ने क्रममा सनिस श्रेष्ठ डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय भोटेओडारबाट खटिएको प्रहरीले खोजी गर्नेक्रममा उक्त नदीमा उनको शव फेला पारेको हो । सोही विषयलाई लिएर मृतकका आफन्तहरूले विद्यालयमा ढुङ्गामुढा गर्दा बिद्यालयको गेट, १ वटा बस र १ वटा जिपमा क्षति भएको छ भने ४ जना प्रहरी कर्मचारीहरू सामान्य घाइते भएका छन् ।

## आगो निभाउने क्रममा जलेर मृत्यु

म्याग्दी । मालिका गाउँपालिका-५ देविस्थानस्थित भिर खर्क सामुदायिक जंगलमा लागेको आगो निभाउने क्रममा सोही गाउँपालिका-५ गरजडा बस्ने २६ वर्षीय मन बहादुर बोहोराको जलेर घटनास्थलमै मृत्यु भएको छ । साथै आगो निभाउनेक्रममा जलेर घाइते भएका सोही ठाउँ बस्ने २१ वर्षीय म बहादुर सार्कीलाई प्रभु एयरको हेलिकप्टरद्वारा पोखरा गण्डकी मेडिकल कलेज लगिएको छ ।

## पहिरोमा पुरिएर मृत्यु

लमजुङ । सुन्दरबजार नगरपालिका-९ फुलबारीस्थित सडक माथिबाट खसेको पहिरोमा पुरिएर मकवानपुर मनहरी गाउँपालिका-२ घर भई सोही सडकमा लेवर काम गर्ने ४० वर्षीय सुरेश स्याङ्तानको मृत्यु भएको छ । डुम्रे-बेसिशहर सडकखण्डको नाला खन्ने क्रममा पहिरो जाँदा उनी र मनहरी गाउँपालिका-२ घर भएका ३९ वर्षीय सूर्य बहादुर स्याङताङ पुरिएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय लमजुङबाट खटिएको प्रहरीले उद्धार गरी उपचारको लागि भोटीओडार अस्पताल पठाएकोमा उनको उपचारको क्रममा सुरेशको मृत्यु भएको हो । साथै सूर्य बहादुर स्याङताङको सोही अस्पतालमा उपचार भइरहेको छ ।

## करेन्ट लागेर मृत्यु

काठमाडौं । सुनसरी, बराहक्षेत्र नगरपालिका-३ बाङ्गे बस्ने २७ वर्षीय नबिन कार्कीको करेन्ट लागेर सोमबार मृत्यु भएको छ । खेतमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका कार्कीको घोपा धरान अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । सुर्खेत, बीरेन्द्रनगर नगरपालिका-९ बस्ने ३४ बर्षीय रतन कोईरालाको करेन्ट लागेर सोमबार मृत्यु भएको छ । सोही नगरपालिका-१० स्थित अमन उल्ला अन्सारीको घरमा टायल लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको नर्सिङ होम सुर्खेतमा उपचारको क्रममा मृत्यु भएको हो ।

## माटोको ढिस्कोमा पुरिएर मृत्यु

दोलखा । तामाकोशी गाउँपालिका-७ बुकुनिखरी खानीमा काम गर्ने क्रममा माटोको ढिस्कोमा पुरिएर २ जनाको सोमबार दिउँसो मृत्यु भएको छ । मृत्यु हुनेहरूमा धादिङ रोराङ गाउँपालिका-२ राहुलडाँडा बस्ने २२ वर्षीय सन्तोष तामाङ र मकवानपुर स्थाई घर भई धादिङ रोराङ गाउँपालिका-२ राहुलडाँडा बस्ने २३ वर्षीय बसन्त तामाङ रहेका छन् ।खानीमा काम गर्ने क्रममा अचानक माथिबाट माटोको ढिस्को खसेर उनीहरू पुरिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी छोडे र ईलाका प्रहरी कार्यालय जिरीबाट खटिएको प्रहरीले स्थानीयबासीको सहयोगमा दुवै जनाको शव फेला पारेको हो ।

## एकै परिवारका ५ जना सुतेकै ठाउमा मृत फेला

ललितपुर । कोन्ज्यसोम गाउँपालिका-४ नल्लु बस्ने ५५ वर्षीया काईली स्याङ्तान सहित उनका परिवारका अन्य ४ जना सोमबार बिहान सुतेकै ठाउँमा मृत अवस्थामा फेला परेका छन् । काईली स्याङतानको घरमा अबेरसम्म ढोका नखोलेको भनि छिमेकीले हेर्दा उनका परिवारका ६ जना सदस्यहरू अचेत अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त चापागाउँ र ईलाका प्रहरी कार्यालय कोन्ज्योसोमबाट खटिएको प्रहरीले काईली तामाङ, उनकी कान्छी बुहारी २३ वर्षीया सुम्मा स्याङ्तान, कान्छो छोरा सुवास स्याङ्तानको २ दिनको नवजात शिशु छोरा, माइलो छोराको ९ वर्षीय छोरा आशिष स्याङ्तान, माइलो छोराको छोरी ७ वर्षीया आस्मा स्याङ्तानलाई मृत अवस्थामा फेला पारेको हो । साथै अचेत अवस्थामा फेला परेका २२ वर्षीय सुवास स्याङ्तानको गणेशमान सिंह अस्पतालमा उपचार भइरहेको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । दैलेख, चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ तारबजारस्थित कर्णाली नदीको किनारमा हाल नाम, थर, वतन नखुलेकी करिब ३२ वर्षीया महिला मृत फेला परेकी छन् । कैलाली, धनगढी उपमहानगरपालिका-५ शिवनगरस्थित सडकको नालीमा हाल नाम, थर, वतन नखुलेका करिब ३५ वर्षीय पुरुष मृत फेला परेका छन् । यसैगरी, कैलाली, टिकापुर नगरपालिका-५ साईपुरस्थित कर्णाली नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष मृत फेला परेका छन् । नवलपरासी (पश्चिम), प्रतापपुर गाउँपालिका-७ सूर्यापुरास्थित नेपाल गण्डक प्राधिकरण जल बिद्युत केन्द्र (पावर हाउस) को जालीमा हाल नाम, थर, वतन नखुलेका करिब ४५ वर्षीय र ३० वर्षीय दुई पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । चितवन, भरतपुर महानगरपालिका-२८ गोलाघाटस्थित नारायणी नदीमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Abscond = समात्ला भन्ने डरले बेपत्ता हुनु The cashier absconded with five thousand dollar पांच हजार डलर लिएर खजाञ्ची बेपत्ता भयो ।

Bolster = समर्थन वा जोड गर्नु To bolster his argument he presented all possible facts and figures आफ्नो तर्कलाई वल पुर्‍याउन उस्ले संभव भएसम्म सबै सत्य तथ्य प्रस्तुत गर्‍यो ।

Castigation = कडा आलोचना For having been easily able to counter the castigation, his friends cheered him a lot (कडा आलोचनाको सजिलै प्रतिकार गर्नसकेको हुंदा सबै साथीहरूले उस्को वाहवाह गरे ।

Deference = अर्काको आकांक्षाको सम्मान गर्ने प्रवृत्ति In deference my request he postponed the meting for next Monday मेरो आग्रहको सम्मान गर्दै उस्ले अर्को सोमवार सम्मको लागि वैठक स्थगित गरिदियो ।

Efficacy = प्रभावपूर्ण The efficacy of this medicine depends on the regularity of the doses यो औषधिको प्रभाव नियमितरुपमा मात्रा मिलाएर खांदामात्र पर्दछ ।

Fatuous = मूर्खतापूर्ण Making such fatuous remark on her act was not simply because of his innocence rather intention उन्को काम माथि मूर्खतापूर्ण सोचाइ राख्नुको कारण उस्को अज्ञानताको मात्र नभै उदेश्यनै थियो ।

Goad = लगाउनु । वाध्य पार्नु Trying to goad his sons into homework, he passed hours in reading room छोराहरूलाई गृह कार्य गर्न लगाउनै भनेर उस्ले घंटौ अध्ययन कक्षमा वितायो ।

Hibernal = हिउंदे These beans are hibernal यी हिउंदे सिमीहरू हुन ।

Immutable = नवदलिने Everything is immutable in this world यो संसारमा सबैकुरा परिवर्तनशिल छन ।

Junta = गिरोह The members of the junta were executed as per the order of the dictator तानाशाहको हुकुम अनुरुप गिरोहका सदस्यहरूको सफाया गरियो ।

Kindle = प्रज्वलित गर्नु । आगो लगाउनु । सल्काउनु The wood is dry enough to kindle दाउरा सजिलै वल्नसक्ने गरी सुकेको छ ।

Latent = विकशित नभैसकेको अवस्था । अथाह Nepal possesses a latent potentiality of hydropower नेपालसंग अथाह जलविद्युत शक्ति छ ।

# Bear बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bear Something = फलाउनु This land bears no crops यो जग्गामा केही पनि फल्दैन ।

Bear something = प्राप्त गर्नु Hos efforts can bear success उस्को प्रयत्नले सफलता प्राप्त गर्न सक्छ ।

Bear to = मोडनु Bear to the left once you arrive at traffic light ट्राफिक वत्ती भएको ठाउमा पुगेपछि तिमी वाया तर्फ मोडिनु ।

Bear brunt of something = थेग्नु He could not bear the brunt the temper of his wife उस्ले उस्की श्रीमतीको क्रोधको पेलाई थेग्न सकेन ।

Bear comparision with = तुलना गर्नु Bear comparision with a weaker has no meaning कमजोर संग तुलना गर्नुको कुनै अर्थ हुदैन ।

Bear heavy on = वोझ पर्नु Taxation bears heavily on us if declare all our property हामीले हाम्रो सम्पत्ती सबै खुलायौ भने हामी माथी करको बोझ पर्छ ।

Bear in mind = हेक्का राख्नु I can lend you the money but bear in mind to return in time म तिमीलाई पैशा सापट दिन त सक्छु तर वेलैमा फिर्ता दिनु पर्छ भन्ने कुराको हेक्का राख्नु ।

Bear witness to something = साक्षी वक्नु The evidences bears well the witness of my testimony तथ्यहरुले राम्रैसंग मेरो कुराको साक्षी वक्छन ।

Bear on somebody = दवाव दिनु He always bears pressure on us to finish the task in time बेलैमा काम सकोस भनेर उस्ले हामी माथि दवाव दिइरहन्छ ।

## सुडोकु-अंक २५३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | ४ | | | | ७ |
| | ७ | ४ | ३ | | ६ | १ | ९ | |
| | | | ८ | | ९ | | | |
| | ४ | | ९ | | ५ | | ६ | |
| ६ | | | | | | | | ५ |
| | ५ | | १ | | २ | | ७ | |
| | | | २ | | ८ | | | |
| | १ | ६ | ७ | ९ | ३ | ४ | ८ | |
| ७ | | | | १ | | | | २ |

## अंक २५२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ३ | ६ | ५ | ४ | ९ | ८ | १ | ७ |
| ४ | ५ | ९ | ७ | १ | ८ | ३ | ६ | २ |
| ७ | ८ | १ | २ | ६ | ३ | ४ | ९ | ५ |
| ५ | ७ | ८ | ३ | २ | ६ | ९ | ४ | १ |
| १ | ४ | ३ | ८ | ९ | ७ | २ | ५ | ६ |
| ६ | ९ | २ | ४ | ५ | १ | ७ | ३ | ८ |
| ८ | १ | ४ | ९ | ७ | ५ | ६ | २ | ३ |
| ३ | २ | ५ | ६ | ८ | ४ | १ | ७ | ९ |
| ९ | ६ | ७ | १ | ३ | २ | ५ | ८ | ४ |

# The DPRK Seen through Souvenir Photographs









Kim Jong Un, President of the State Affairs of the DPRK, enjoys having photographs taken with the people.On the morning of New Year's Day in 2022, he had a photograph session with ordinary working people including meritorious people and labour innovators, who had contributed to making 2021 a successful year.

According to the country's media,Jo Mun Son, a 57-year-old worker of the turbine workshop ofthe Pyongyang Thermal Power Station, has been working on the same job for several decades. Kim Jong Un had a photograph taken with him holding his call used hand in his.

And a workteam leader of the Tonam Cooperative Farm in YonanCounty, South Hwanghae Province, a major granary on the western coast, is known as a farmer who worked hard all year round to get a high yield in the face of the unfavourable weather conditions last year. At the FourthPlenary Meeting of the Eighth Central Committee of the Workers' Party of Korea held in late December 2021, Kim Jong Un sent thanks in the name of the Party Central Committee to the exemplary officials, working people, scientists and technicians in the agricultural sector. Then he called some farmers, including the workteam leader, to his place and had a souvenir photograph taken with them.

Worthy of note about the photographs is the flower decoration in the form of flower basket on both sides and various other parts of the venue. The decoration can be interpreted as warm congratulations of Kim Jong Un to them. After the photograph session they gathered around Kim Jong Un and had amiable talks with him.

Photographs he has taken with people are numerous and all of them are indicative of the kinship between the leader and his people.

Kim Jong Un does not mind a place at all when having a photograph taken with people, be it a production site, or a small garden before a house or a room in a house. When they have the honour of having a photograph taken with him, all people vie with one another to get a closer place to him and hold his hand. It reflects the kinship feelings between the leader and the people.

In September 2021, Kim Jong Un invited to the office building of the WPK Central Committee some labour innovators and other meritorious people participating in the celebrations of the 73rd founding anniversary of the DPRK.Among those invited were young pupils. They were ordinary workers' sons and daughters who were exemplars in the studies and the organizational life of the Children's Union.

He summoned them to his side and praised them for their merits. Then he highly appreciated the efforts of their parents to bring up their children as the pillars of the country. And he posed for a photograph with the children as well as the labour innovatorsand other meritorious people–all together. This reminded the viewers of a single family.

What is the reason behind such a scene? The following can be an explanation.

When the northern part of NorthHamgyongProvince was severely affected by flooding in 2016, Kim Jong Un took all necessary measures for building new houses for the victims, saying that they had to be provided with new houses before the winter came even if it meant having to enlist all the potentials of the country to do so. In October 2020, he went to the rehabilitation project site of the flooded Komdok area at the risk of his life by crossing a makeshift railway bridge. One day he calculated on his handbook the amount of fish needed to be supplied to all the orphans and old people in rest homes across the country and proposed building an exclusive fishing station for the purpose.

At the Fourth Plenary Meeting of the Eighth Central Committee of the WPK held months ago, Kim Jong Un took important measures for providing all the students across the country with high-quality school uniforms and school bags of a new style at the state expense. As he regards the people and children as his family members, he could make such a momentous decision despite the difficult conditions of the country.

It is natural that the Korean people should regard him as their father and try to get closer to him when they meet him.

**President Kim Il Sung at an iron work in September 1959 Regarding the People as His Mentor**

In April 1992 a delegation of journalists from the American newspaper The Washington Times visited the Democratic People's Republic of Korea. They requested an audience with President Kim Il Sung, the leader of the Korean people and a world-famous veteran statesman.

The President accepted their request and answered the questions they raised.

The head of the delegation asked him what his hobby was and what amusement and sports he enjoyed.

The President answered with a smiling face that he had no particular hobby or amusement of his own andthat he was fond of reading and liked mixing with the people and sharing their company.

The head of delegation said: I have so far heard from numerous heads of state and political figures that their hobbies were going hunting, angling and swimming and enjoying recreation but never heard a reply that it was their hobbies to read books or mix with the people, sharing their company;your hobby is so simple and I wonder whether it can be called a hobby;but the meaning of your reply is tantamount to the space;indeed, yours is the hobby of a truly greatman which no one else in the world can have.

In April 1994 a delegation of journalists from CNN International also met President Kim Il Sung.

During their talk with the President they asked him what his hobbies were.

He replied, "I can say that I enjoy reading books and mixing with the people to share life with them and talk with them. Books are silent teachers; the people are the most resourceful and best-informed teachers for me. They embody a mix of philosophy, economics and literature. Consequently I always mix with them and learn from them."

In the whole course of leading his country Kim Il Sung always went among the people before formulating lines or policies.

When visiting a factory he would ask workers for their opinions, holding their greasy hands, and when visiting a rural village he would sit unceremoniously on the levee of paddy fields with farmers, offering them cigarettes and discussing farm work with them.

In this course, he formulated many lines and policies including the famous Taean work system, createdChongsan-ri spirit and Chongsan-ri method and wroteTheses on the Socialist Rural Question in Our Country.

The world's mass media commented, "President Kim IlSung's great idea of giving importance to the people originated in his plain hobby" and "His view of the people explains the secret of his ever-victorious leadership."

**A New Appearance of the Komdok Area**



These photos show the changed appearance of the Komdok area, a large ore production base of the Democratic People's Republic of Korea. Recently, the area has been turned into a mountain gorge town with low and high-rise apartment houses and terraced houses newly built in good harmony along deep gorges.

**Happy Children**

The photos show kindergarteners in the DPRK.The ruling Workers' Party of Korea and the state take meticulous care ofchildren so that they can grow up happily, learning to their heart's content in excellent environments.





## उपत्यका...

असर परेको छ त्यसको सरकारी स्तरवाट गहन अध्ययन अनुसन्धान नभएको भएता पनि भएका अध्ययन अनुसन्धानले स्थिति गम्भीर रहेको देखाउँछ। अध्ययनहरूले उपत्यकाको हावामा अत्याधिक मसिना प्रदुषक कण रहेको र त्यसले मानव स्वास्थ्यलाई प्रतिकूल प्रभाव पारिरहेको देखाएका छन्।

उपत्यकाको वायुमा पीएम २.५ भन्दा मसिना धूलोका कणहरू अत्यधिक रहेका कारण उपत्यकावासीहरूमा श्वासप्रश्वास जन्य रोग, फोक्सोको क्यान्सर, मुटु सम्बन्धी रोग कार्डियो भस्कुलर डिजिट बढ्ने, मस्तिष्कघात, प्यारालाइसिस जस्तासमस्याहरू व्यापक रुपमा देखिएका छन्। उपत्यकामा रहेका दीर्घरोगीहरूको स्वास्थ्यमा थप जटिलता निम्तिनुमा वायुप्रदूषण जिम्मेवार देखिएको छ। मधुमेह, मुटुरोगी तथा मिर्गौलाको समस्या भएका दीर्घरोगीलाई वायु प्रदूषणको असर अधिक हुने विज्ञहरू वताउदछन्। यस्तो असरवाट सवै उमेर समूहका व्यक्तिहरू खासगरी वृद्धवृद्धा, गर्भवती महिला त्यसमा अझ कलिला वालवालिकाहरू तथा वढि प्रताडित रहेकापाइएको छ। वयस्कहरूमा प्रदूषणको असर केही समयपछि देखिने भएतापनि बालबालिका, बुढाबुढी र गर्भवती महिलाहरूमा यसको असर तत्कालै देखिने गरेको छ।

वायु प्रदुषणका कारण नेपालमा सन् २०१८ मा ३७ हजार जनाको मृत्यु भएकोडव्ल्यूएचओले सार्वजनिक गरेको एक तथ्याङ्कमा उल्लेख छ। डव्ल्यूएचओका अनुसार विश्वमा प्रत्येक नौ जनामा एक जनाको मृत्युको कारण वायु प्रदूषण हो। फोक्सो रोगबाट मृत्यु हुनेमध्ये ४३ प्रतिशत त्यस्तै मस्तिस्कघातबाट हुने मृत्युमध्ये २४ प्रतिशत, मुटु रोगकोमध्ये २५ प्रतिशत र फोक्सो क्यान्सरबाट मृत्यु हुनेमध्ये २९ प्रतिशतको कारण प्रदूषित वायू रहने गरेको डव्ल्यूएचओले जनाएको छ।

**समस्याको कारण के हो त ?**

बर्षायाममा पानी र गर्मीयाममा हावाले वायु प्रदुषणलाई प्राकृतिक तवरले केहिहद सम्म नियन्त्रण गरे पनि जाडो मौसममा त्यो अवस्था नरहने भएकाले प्रत्येक वर्ष जाडोयाम सँगसगै उपत्यकामा वायु प्रदुषण अझ उच्च हुने गरेको छ। उपत्यकाको वायु प्रदुषण जाडो मौसममा धरातलिय बनौंटका कारण अन्य क्षेत्रमा फैलिन नपाई लामो समयसम्म वायुमण्डलमै तैरिएर रहने गरेकाले अवस्था थप भयावह वनेको हो। खासगरी पुराना तथा प्रदुषक सवारी साधनहरूको निर्वाध सञ्चालन, पूर्वाधार तथा विकास निर्माणका योजनाहरूको कार्यान्वयनमा देखाइएको वातावरणीय उदाशिनता, मापदण्ड वाहिरका ईटाभट्टा, उद्योगधन्दा एवं कलकारखानाहरूको अव्यवस्थित विकास र विस्तार, जनसंख्याको चापका साथै उत्पन्न फोहोरमैलाको अवैज्ञानिक व्यवस्थापन उपत्यकाको वायु प्रदुषणको मुख्य कारण हुन्।

**न्युनिकरणका प्रयासहरू कस्ता छन् ?**

मुलुकभर अझ त्यसमा पनि उपत्यकामा भयावह अवस्थामा रहेको वायु प्रदुषण न्यूनीकरण कालागि सरकारी पहल उपलव्धीमूलक नदेखिएता पनि थोर वहुत प्रयास भने हुदै आएको छ। यस क्रममा सरकारले देशभर १९ मध्ये उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रि. वि. कीर्तिपुर, सैंवु र सैनिक विद्यालय भक्तपुर समेत गरी ६ स्थानमा प्रदूषण मापन केन्द्र स्थापना गरी वायु प्रदुषणको अवस्थाको वारेमा सेन्ट्रल सिस्टममा डाटाजाने र आम सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिन सक्ने व्यवस्था मिलाएको छ। यस्तै सरकारले वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड र निर्देशिका जारी गरेको छ।

यसैगरी सवारी प्रदुषण मापदण्ड २०५६ जारी गरी यूरो वानलाई नेपाल आयात हुने सवारी प्रदुषणको मापदण्ड तोकेकोमा सो मापदण्डलाई प्रतिस्थापित गरी वनेको नेपाल सवारी प्रदूषण मापदण्ड २०६९ ले यूरो थ्री लाई आयतित सवारी साधन प्रदुषणको मापदण्ड वनाएको छ। सो मापदण्ड हाल परिमार्जन भई यूरो फोर आयत सवारी प्रदुषणको नयाँ मापदण्ड कायम गरी सवारी प्रदूषण निर्देशिका २०७४ जारी गरेको छ। यस्तै सवारी यस्तै उपत्यकामा गुड्ने सवारी साधनहरूको प्रदूषण परीक्षण कार्य यातायात व्यवस्था कार्यालय वागमतीले वि.सं. २०५६ देखि शुरु गरी परीक्षणमा सफल भएका सवारी साधनहरूलाई हरियो स्टीकर दिने व्यवस्था गरेको छ।

ईटाभट्टावाट हुने वायु प्रदूषण न्यूनिकरण गर्न सरकारले ईंटा भट्टा सञ्चालन अनुमति सम्बन्धी मापदण्ड लागु गरेको छ। मापदण्ड अनुसारमापदण्ड अनुसार ईंटाभट्टा खोलाकिनार एवं पक्की पुलबाट ५ सय मिटर, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वको स्थान, सुरक्षा निकाय, घनाबस्ती, वन,निकुन्ज, आरक्षणबाट २ किलोमिटर भित्र सञ्चालन गर्न नपाउने, भट्टा वरपर धूलो रहित सडक तथा हरियाली वनाउनु पर्ने लगायतका वातावरण मैत्री व्यवस्था छ। यसैगरी उपत्यकामा २० बर्ष भन्दा पुराना गाडीले प्रदुषण गराएको भन्दै ०७१ सालमा त्यस्ता गाडी हटाउने निर्णय सरकारले गरेको छ। फोहरमैला व्यवस्थापन ऐन, २०६८र नियमावली २०७० जारी गरी फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरिएको छ। उपत्यकाको धुलो न्यूनिकरणका लागि महानगरपालिकाहरूले केहि थान ब्रुमर खरिद गरी यदाकदा सडकको सफाईमा लगाउने गरेको छ। विद्युतिय सवारी साधनलाई प्रर्वद्धन गर्ने राज्यको नीति अनुसार केही थान सार्वजनिक सवारीसाधनहरू खरिदको प्रकृयामा छन्। सडक स्तरोन्नती गरी उपत्यकाका सडकहरू निर्माणक्रम शुरु भएको छ। यद्यपी स्थितिमा सकारात्मक परिवर्तन आउन सकेको छैन।

**चुनौतीहरू के के छन् त ?**

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रदान गरेको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक संविधानले दिएको छ। बनेका ऐन, कानुन, निर्देशिका तथा मापदण्डहरूमा प्रदुषण नियन्त्रणका लागि प्रसस्त प्रावधानहरू राखिएका छन् तर, त्यो कार्यान्वयनको चरणसम्म पुग्न नसक्नु नै उपत्यकाको वायु प्रदूषणको सवैभन्दा ठूलो चुनौती हो। सरकारी निणर्यका साथै ऐन कानूनको कार्यान्वयन पक्ष अत्यान्तै फितलो रहनु र अनूगमनमा देखिएको सरकारी उदाशिनताले उपत्यकाको वायु प्रदूषणको अवस्था सन्तोषजनक वन्न नसकेको हो।

यसैगरी सरकारले सवारी प्रदुषण मापदण्ड २०७४ जारी गरी यूरो फोर आयतित सवारीको नयाँ मापदण्ड तोक्दा समेत यो कार्यान्वयनमा आउन नसकेको कारणले पेट्रोलियम पदार्थको आयात युरो-फोर स्तरको भएता पनि वर्षेनी भित्रिने करीव ४ लाख सवारीसाधन भने युरो-थ्री स्तरका नै भित्रिरहनु रहस्यमय छ। यस्तै सडकमा धूवाँको मुस्लो छोड्ने सवारी साधनले समेत हरियो स्टीकर प्रयोग गरी सडकमा निर्वाध पहुँच पाईरहनुले सरोकारवाला सरकारी निकायहरूको अनुगमन अवस्थालाई छर्लङ्गपार्दछ। यसैगरी उपत्यकामा रहेका ११२ वटा ईंटाभट्टाहरूबाट प्रतिवर्ष २,६८० टन त्वए, १९४१ टन एःज्ञण प्रदुषकहरू उपत्यकाको हावामा प्रवेश गरी उपत्यकाको वायु प्रदूषित गर्ने ईंटा उद्योगको प्रदुषण कम गराउन मापदण्ड लागु गरेता पनि फितलो कार्यान्वयन एवं अनुगमनका कारण प्रदूषणको असर वढ्दो छ।

काठमाडौंको भौगोलिक अवस्था र प्रदूषणका कारण जाडो मौसममा प्रदुषित हावाका कणहरू सतहसम्मनै फैलिने हुने हुँदा मर्निङवाक स्वस्थ्यजनक नहुने वातावरण स्वास्थ्य विज्ञहरू वताउँछन्। उनीहरूका अनुसार जाडो मौसममा घाम लागेको समयमा चिसो हावा तातेर प्रदुषित हावा वायुमण्डलमा पुग्ने र चिसो हुनसाथ पुन सतहमै फर्किने भएकाले वाकका लागि विहान भन्दा दिउसोको समय उपयुक्त हुन्छ। जाडो मौसममा उपत्यकामा बिहान ६ वजे देखि वढ्दै गएको वायु प्रदुषण आठ बजे उच्च रहने भएकाले त्यस समयमा मर्निङ वाक जानु भनेको रोगलाई निम्त्याउनु हो विज्ञहरूको ठहर छ।

उपत्यकाको वायु प्रदूषणमा सर्वाधिक जिम्मेवार रहेकासवारी साधनलाई प्रदुषणको कारण बन्न नदिन सरकारले जारी गरेका नियम, कानुन, निर्देशिका तथा मापदण्डहरूका साथै भएका वातावरणमैत्री सरकारी निर्णयहरूको सही अर्थमा कार्यान्वयन हुनसकेमा मात्र पनि उपत्यकाको वायू प्रदूषण अपेक्षित दायरामा आउन सक्छ। यसका लागि वातावरण विभाग, यातायात कार्यालय, ट्राफिक कार्यालय जस्ता सरोकारवाला निकायहरूको एकीकृततथा प्रभावकारी पहल आवश्यक छ। यस्तै उपत्यकालाई लक्षित गरी ६ स्थानमा राखिएका प्रदूषण मापन केन्दवाट प्राप्त तथ्यांकको शुक्ष्म विश्लेषण गरी वायु प्रदुषणको नियन्त्रणका लागि कदम चाल्न जरुरी छ। यसैगरी सरकारले वि.सं.२०७१ सालमा नै निर्णय गरिसकेको २० वर्ष पुराना सवारी साधनहरूलाई विस्थापित गर्ने निर्णय तत्काल कार्यान्वयनमा ल्याई सफा निजी तथा सार्वजनिक विद्युतिय सवारीसाधनको प्रवर्द्धनमा जोड दिनु पर्दछ। यस्तैसडक सुधार तथा प्रदुषण करका नाममा उठाईएको रकम सोही क्षेत्रमा नै परिचालन गरी विद्युतिय सवारीसाधनका लागि चार्जिङ्ग स्टेशनहरू वढाउने, सडक सफा गर्ने ब्रुमरको संख्या थप गरी सडकको नियमित सरसफाईमा लगाउने, स्तरोन्नती गर्ने, हरियाली प्रवर्द्धन गर्ने लगायतका वातावरण मैत्री कार्यले उपत्यकाको वायु प्रदूषणको अवस्थामा परिवर्तन आई स्वच्छ वातावरणमा वाँच्न पाँउने नागरिकको संविधान प्रदत्त हकले साचो अर्थमा सार्थकता पाँउन सक्छ।

त्यस्तै उपत्यकाको वायु प्रदूषणको स्रोत मानिएका ईंटा उद्योगको प्रदुषण कम गर्न ईटा भट्टाका लागि लागू भएको मापदण्ड कार्यान्वयन तथा अनुगमनलाई प्रभाकारी तुल्याउदै मापदण्ड अनुकूल नरहेका भट्टाहरूलाई तुरुन्त वन्द गर्नु पर्दछ। वायु प्रदूषणले आममानिसको जनस्वास्थ्यमा पर्न सक्ने असरहरूको वारेमा व्यापक रुपमा सचेतना अभिवृद्धि गरी प्रदूषण धेरै हुने समयमा सकेसम्म बाहिर धेरै नहिंड्ने, हिड्नैपरे गुणस्तरिय मास्कको प्रयोग गरेर मात्र हिंड्ने, सकभर हिउँदभर मर्निङ वाकमा नजाने जस्ता उपाय अवलम्वन गरे मात्र पनि वायु प्रदूषणबाट जोगिन सकिन्छ। *(लेखक वातावरण पत्रकार हुन्)*

## युक्रेनको...

जेलेन्स्कीको भनाइ थियो तर उनी ती क्षेत्रको स्थितिबारे सम्झौता गर्नका लागि समेत तयार देखिएका छन्। देशको स्थिति थप बिग्रँदै गएपछि युक्रेनी राष्ट्रपति जेलेन्स्की आफ्नो अडान त्याग्न बाध्य भएका छन्।

दुई सातो लामो युद्धका क्रममा युक्रेनमा धनजनको ठूलो क्षति भएको छ। रुसी आक्रमणका कारण सयौं सर्वसाधारण र सैनिकहरूको क्षति भइसकेको छ भने २५ लाखभन्दा बढी युक्रेनीले देश छोडेको राष्ट्रसंघले जनाएको छ। दुई सातादेखि जारी आक्रमणका क्रममा रुसले युक्रेनको खर्किभ सहरमाथि पूर्ण नियन्त्रण कायम गरिसकेको छ। पछिल्लो दिनमा रुसले राजधानी किमसँगै जोडिएका मरिउपोल, भोल्नोभाख, ओडेसा इरपिन लगायतका सहरलाई लक्षित गर्दै बमबारी गर्दै आएको छ। यद्यपि १२ घन्टे युद्ध विरामको समयमा किम वरपरका क्षेत्रहरू जापोरिज्जया, उत्तर पश्चिम इरपिन र बुचा क्षेत्रहरूमा रहेका नागरिकहरू रुसको भिषण बमबारीबाट बच्न किभतर्फ लागेका छन्। रुसी बमवर्षाले युक्रेन खण्डहरमा परिणत हुँदैछ। अमेरिका, फ्रान्स, बेलायत लगायतका पश्चिममा देशहरूले रुसमाथि आर्थिक प्रतिबन्ध लगाए पनि रुसले वास्ता गरेको छैन। बरु रुसले युरोपमा तेल तथा प्राकृतिक ग्यास आपूर्ति बन्द गरिदिने चेतावनी दिएको छ। रुस विश्वकै तेस्रो ठूलो तेल कर्ता र दोस्रो ठूलो प्राकृतिक ग्यास निर्यातकर्ता देश हो। रुसबाट युरोपमा हुने ग्यास आपूर्ति बन्द भयो भने त्यसले आर्थिक मन्दी निम्त्याउन सक्छ। युक्रेनमा रुसी आक्रमण सुरु भएसँगै डलर, पेट्रोल र सुनको भाउ अकासिएको छ। रुस र युक्रेन दुवै कृषि उत्पादनका ठूला निर्यातकर्ता पनि हुन्। यी दुवै मुलुकले गहुँ लगायतका खाद्यान्न मध्यपूर्वसहित अफ्रिकामा निर्यात गर्छन्। विश्वको कुल गहुँ निर्यातमा रुस र युक्रेनले मात्र ३० प्रतिशत र मकै निर्यातमा १९ प्रतिशत स्थान ओगट्छन्। युद्धकै कारण विश्वभरि नै सेयरबजार समेत ओरालो लागेको छ। द्वन्द्वले अन्तर्राष्ट्रिय हवाई र पर्यटन क्षेत्रमा समेत गम्भीर असर देखिएको छ। युक्रेनसहित मोल्दोमा र बेलारुसमा विमान उडाउन रोक लगाइएको छ। यसले एसियाबाट युरोप आउने हवाई उडानहरू प्रभावित भएका छन्। साइबर आक्रमण र केमिकल बारको समेत खतरा बढिरहेको छ।

युक्रेनको रणनीतिक भौगोलिक अवस्थिति कृषि र खनिज उत्पादन रुस र युरोपेली संघ दुवैका लागि महत्वपूर्ण रहेको छ। दक्षिणी सीमा रक्षाका लागि मात्र होइन, रुसका लागि युक्रेनी भूमि ऐतिहासिक रणनीतिक विरासतले भरिएको छ। युक्रेन रुसको आर्थिक र रणनीतिक रुपमा राष्ट्रिय सुरक्षाका लागि भाग्य निर्माण गर्ने देश सरह रहेको छ। युक्रेनमाथि रुसी प्रभाव गुमेमा सैनिक र व्यावसायिक क्षेत्रमा अनुलनीय क्षति हुन सक्छ। यदि युक्रेन रुसी प्रभावबाट बाहिरिएमा समुद्री प्रभाव खुम्चिने र भूमध्य सागरमा रुसको प्रभाव र पहुँचमा गिरावट आउनेछ। रुसी बन्दरगाह ग्रिनल्यान्ड आयल्यान्ड पनि ब्रिटेनले चाहेका बेला अवरुद्ध हुन सक्ने बाल्टिक क्षेत्रमा डेनमार्कको र पूर्वी क्षेत्रमा जापानको समुद्री नियन्त्रण हुँदा रुसको समुद्री रणनीतिक नियन्त्रणको स्वार्थ समाप्त हुनेछ।

युक्रेन पहिलो विश्वयुद्धदेखि नै जर्मन र रुसबीचको प्रतिस्पर्धा चलेको रणनीतिक भूमि हो। पहिलो विश्वयुद्धमै युक्रेनी खाद्यान्नप्रतिको निर्भरता तथा रुसलाई रोक्न जर्मनीले युक्रेनमाथि पहिलो विश्वयुद्धमा हारसँगै रुस युक्रेनमाथि हावी भयो। रणनीतिक मार्ग भएकाले दोस्रो विश्वयुद्धमा जर्मनीले युक्रेनमाथि आफ्नो रणनीतिक ध्यान केन्द्रित गर्‍यो। दोस्रो युद्धको सुरुवाती वर्षमा जर्मनीले युक्रेनमाथि कब्जा गरेपछि मात्रै रुसका रणनीतिक गढमा हमला गरी नोक्सान पुर्‍याउन सकेको थियो। दोस्रो विश्वयुद्धमा रुसले जर्मनीलाई पछि हट्न बाध्य बनाउन युक्रेनी भूमिमै अखडा जमाएको थियो। त्यहीँबाट जर्मनीलाई रोमानिया, हँगेरी लगायत पूर्वी युरोपबाट हटाएको थियो। युक्रेन रुसको मुख्य पारवहन मार्ग हो र युक्रेन रुसका लागि अति महत्वपूर्ण छ। तर युरोपका लागि युक्रेन त्यति महत्व नभए पनि रुसलाई रोक्न युरोपेली संघलाई युक्रेनमा प्रभाव कायम गर्नु परेको छ।

पश्चिमी देशहरूले रुस युक्रेन सम्बन्ध तोडेरै छोड्ने र रुसले पनि युक्रेनलाई आफ्नो प्रभाव बाहिर जान नदिने हठले राजनीतिक रुपमा विभाजित युक्रेन भौगोलिक रुपमा समेत खण्डित भएको छ। क्रिमिया पहिलै गुमाइसकेको युक्रेनले दोनेत्स्क र लुहान्सक पनि गुमाएको छ। ५ लाख वर्गकिलोमिटर क्षेत्रफल रहेको युक्रेनको जनघनत्व ५ करोड करिब रहेको छ। साढे ४ हजार डलर प्रतिव्यक्ति आय रहेको युक्रेन मध्यम धनी देश मानिन्छ। पूर्वराष्ट्रपति यनुकेभिचले सन् २०१३ मा युरोपेली संघको सदस्यता नवीकरण नगर्ने अडान लिएपछि नै युक्रेन अशान्त बन्न थालेको हो। अमेरिका र युरोपेली मुलुकहरूले युक्रेनमा रक्तपातपूर्ण आन्दोलन आफ्ना मतियारहरूमार्फत मच्चाएपछि यनुकोभिचले राजधानी छोड्नु परेको थियो। सभामुख अलेकजेन्डरलाई अन्तरिम राष्ट्रपति बनाएपछि त्यहाँ निर्वाचन गरियो। हास्यकलाकार जेलेन्स्की राष्ट्रपतिमा विजयी भएका थिए।

## युक्रेन युद्धमा...

भएको र युरोपेली महाद्वीपमा भएको युद्धबाट चीन चिन्तित रहेको बताएको' चीनको विदेशमन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। 'संलग्न पक्षहरूको आवश्यकताको सन्दर्भमा चीनले फ्रान्स, जर्मनी र युरोपेली युनियनसँग सञ्चार र संयोजन गर्न र अन्तराष्ट्रिय समुदायसँग सक्रिय ढंगले काम गर्नेछ,' मन्त्रालयले भनेको छ। संकटको शान्तिपूर्ण समाधानका लागि सहयोग गर्नुपर्ने विज्ञप्तिमा जनाइएको छ। विदेशमन्त्रालयका अनुसार शान्ति वार्ता प्रबर्द्धन गर्न दुई देशले बेइजिङसँग सञ्चार र संयोजन सुदृढ गर्न दुबै देश तयार रहेको सोल्ज र म्याँक्रोले बताएका छन्।

## ओरालो...

उच्चबिन्दुमा पुग्दा पनि अर्थतन्त्रका सूचक अहिलेजस्तो नराम्रा थिएनन्। अहिले पुनरुत्थानको चरणमा धराशायी बनिरहेका छन्। यो आफैंमा एक विरोधाभास हो भन्ने मत राख्नेहरू पनि छन्। नेपाल गम्भीर संकटको अवस्थाबाट गुज्रिरहेको छ। अर्थतन्त्र राजनीतिक खिचातानीको छायाँमा छ। राजनीतिका अगाडि अर्थतन्त्र निरीह र लावारिस भएको महसुस हुन्छ। यस्तो जटिल अवस्थामा पनि कसैले चासो देखाइरहेको अनुभूति हुँदैन। राजस्वमा दबाब झेलिरहेको अर्थ मन्त्रालयसँग आगामी ३० वैशाखमा हुने निर्वाचन सुरक्षाका लागि गृह मन्त्रालयले साढे १९ अर्ब रुपैयाँ बजेट माग गरेको छ। कुनै पनि पक्षबाट नेपालको अर्थतन्त्रको सकारात्मक चित्र उतार्न कठिन भएको छ। यो घडीमा बेरोजगारी समस्याको समाधानतर्फ उपयुक्त कदम अगाडि बढाउनु पर्छ। अन्यथा सामान्य नागरिकको जीवनयापनको कठिनाइ तथा गरिबको गाँस कटौती हुँदा राष्ट्रले कस्तो मोड लेला ? भन्न सकिन्न।

नेपाल राष्ट्रबैंकका अनुसार चालू आर्थिक वर्षको ६ महिनामा कुल वस्तु आयात ५१.१ प्रतिशतले वृद्धि भई नौ खर्ब ९९ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ४.८ प्रतिशतले घटेको बैंकले जनाएको छ। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३७.५ प्रतिशत, ५१.५ प्रतिशत र ९८.२ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाबिन तेललगायत वस्तुको आयात बढ्यो। तर पनि एमएस बिलेट, सिमेन्ट, दाल, मोलासिस सुगर, कीटनाशक लगायत वस्तुको आयात घटेको प्रतिवेदनमा छ। राष्ट्रबैंकका अनुसार चालू आवको ६ महिनामा कुलवस्तु व्यापारघाटा ४६.६ प्रतिशतले बढेर आठ खर्ब ८० अर्ब ४९ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.९ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.२ प्रतिशत रहेको राष्ट्रबैंकको भनाइ छ।

अर्थतन्त्रको नकारात्मक सूचक हेर्दा ठोस कार्ययोजना र मौद्रिक नीतिको सही अवलम्बन हुनु आवश्यक र अनिवार्य छ। किनकि नेपाललाई राजनीतिकभन्दा आर्थिक समस्या बढी चुनौतीपूर्ण छ।

मुलुकको निर्यात व्यापारमा सुधार देखिए पनि आयात उच्च हुँदा वैदेशिक व्यापारघाटा बढेको छ। राष्ट्रबैंकले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी ६ महिनाको प्रतिवेदन हालै सार्वजनिक गरेको छ। जसअनुसार निर्यात बढेसँगै आयात पनि उच्चरूपमा बढ्दा व्यापारघाटा पनि उल्लेख्य रूपमा बढेको छ। चालू आर्थिक वर्षको ६ महिनामा कुल वस्तु निर्यात ९५.५ प्रतिशतले बढेर एक खर्ब १८ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६.१ प्रतिशतले वृद्धि भएको थियो। चालू आर्थिक वर्ष २०७८/७९ को ६ महिनामा परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी एक खर्ब १० अर्ब ९१ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ८३ अर्ब एक करोडबराबर भएको प्रतिवेदनमा छ।

६ महिनामा चार खर्ब ६८ अर्ब ४५ करोड रुपैयाँ विप्रेषणका रूपमा भित्रिएको छ। वैदेशिक रोजगारीबाट प्राप्त आय विप्रेषण आप्रवाह घटेको छ। राष्ट्रबैंकका अनुसार चालू आर्थिक वर्षको ६ महिनामा विप्रेषण आप्रवाहमा ५.५ प्रतिशतले घटेर चार खर्ब ६८ अर्ब ४५ करोड रुपैयाँमा खुम्चिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर ४.९ प्रतिशतले कमी आई पाँच खर्ब २३ अर्ब एक करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ८.९ प्रतिशतले बढेको थियो। खुद सेवा आय घाटामा देखिएको छ। खुद सेवा आय ४६ अर्ब १७ करोड रुपैयाँले घाटामा देखिएको छ।

चालूखाता घाटामा देखिएको छ। राष्ट्रबैंकका अनुसार चालू आर्थिक वर्षको ६ महिनामा चालू खाता तीन खर्ब ५४ अर्ब सात करोडले घाटामा छ। चालू आवको ६ महिनामा शोधनान्तर स्थिति दुई खर्ब ४१ अर्ब २३ करोड रुपैयाँले घाटा देखिन्छ। चालू आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा मूल्य अभिवृद्धि कर बाहेक अन्य शीर्षकमा लक्ष्यभन्दा कम राजस्व संकलन भएको छ। मूल्य अभिवृद्धि कर अर्धवार्षिक लक्ष्यभन्दा ३.६३ प्रतिशत बढी संकलन भए पनि अन्य शीर्षकमा लक्ष्य भेटिएको छैन। चालू आवको पहिलो ६ महिनामा अत्यधिक मात्रामा आयात बढे पनि भन्सार महसुलले समेत लक्ष्य छुन नसकेको तथ्यांकले देखाएको छ। सरकारले पुस मसान्तसम्ममा १ खर्ब ३३ अर्ब भन्सार महसुल उठाउने लक्ष्य राखेकोमा १ खर्ब ३० अर्ब अर्थात् लक्ष्यको ९७.९ प्रतिशत मात्र उठेको छ।

## महान...

क. रामनाथ दाहाल र क. विरेन राजवंशीलाई जेल सार्ने निहुँमा झापाबाट इलाम लैजाने भनी सुखानी जङ्गलमा लगेर गोलीहानी हत्या गरेको थियो। तिनै वीर सहिदहरूको महान ध्येयलाई अँगाल्दै अघि बढिरहेको नेकपा मालेले गत फागुन २१ गते एक स्मृति समारोहको आयोजना गरी ती वीर शहिदहरूको उच्च मूल्याङ्कन गरेको छ। उक्त कार्यक्रमका प्रमुख अतिथि नेकपा मालेका महासचिव सीपी मैनालीले क्रान्तिकारी अभिवादनसहित उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वर्गीय मुक्ति आन्दोलनबाट नेकपा माले कहिल्यै विचलित नहुने प्रतिवध्दता समेत जाहेर गर्नुभएको थियो।

## चिनियाँ...

बीआरआई (बेल्ट एन्ड रोड इनिसिएटिभ) परियोजनालाई कार्यान्वयनमा लैजान तदारुकता देखाएको सन्देश दिन विदेशमन्त्री वाङ आउन लागेको परराष्ट्रका एक अधिकारीले बताए । एमसीसी सम्झौता संसद्बाट अनुमोदनका लागि अमेरिकाले दबाब बढाइरहेका बेला चीनले 'धम्कीपूर्ण कूटनीति' भन्दै सार्वजनिक प्रतिक्रिया जनाएको थियो । अर्कातिर २०७२ को भूकम्पपछि र विशेषतः कोरोना महामारीको पछिल्लो २ वर्षमा चिनियाँ नाकामा लगातार जारी अवरोधमाथि पनि सार्वजनिक बहस भइरहेको छ ।

परराष्ट्रमन्त्री नारायण खड्काले चिनियाँ समकक्षी वाङको भ्रमणको तयारी भइरहे पनि मिति र एजेन्डा टुंग्याउनै बाँकी रहेको बताए । खड्का टर्कीका विदेशमन्त्रीको निमन्त्रणामा तीन सदस्यीय प्रतिनिधिको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गरेका हुन् । उनी फागुन २७ देखि २९ सम्म टर्कीको अन्तालियामा हुने कार्यक्रममा सहभागी भएर फर्किनेछन् । स्रोतका अनुसार नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले सोमबार सभामुख अग्निप्रसाद सापकोटासँगको शिष्टाचार भेटवार्तामा वाङको भ्रमणका सम्बन्धमा जानकारी गराएकी थिइन् ।

## नेतृत्व...

यसपटक कार्यसमितिबाहेक दोस्रो प्रदेश कार्यसमिति र नेपाल इन्जिनियरिङ परिषद् सदस्य प्रतिनिधिको पनि पनि चुनाव हुँदै छ । निर्वाचनका लागि देशका १५ ठाउँमा मतदान केन्द्र तोकिएको छ ।

इन्जिनियर डा. सुरज लामिछानेको नेतृत्वमा बृहत् राष्ट्रिय प्रगतिशील गठबन्धन चुनावी प्रतिस्पर्धामा छ । नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीनिकट इन्जिनियरहरूको प्यानल बृहत् राष्ट्रिय प्रगतिशील गठबन्धन बनाएको हो । यस गठबन्धनबाट उपाध्यक्षमा देउकाजी गुरुङ, महासचिवमा डा. भेषराज थापा, उपमहासचिवमा शिवराम केसी र कोषाध्यक्षमा डा. आनन्द सिंह छन् । त्यस्तै, सहकोषाध्यक्षमा अर्जुन पौडेल चुनावी प्रतिस्पर्धामा छन् । त्यस्तै, कांग्रेसनिकट लोकतान्त्रिक समूहबाट डा. हरिबहादुर दर्लामीको नेतृत्वमा उपाध्यक्ष डा. नारायणप्रसाद अधिकारी, महासचिव रविभूषण झा, उपमहासचिवमा सरोज धिताल र कोषाध्यक्ष र सहकोषाध्यक्षमा क्रमशः दिने त्रिपाठी र दीपक अधिकारी प्रतिस्पर्धामा उत्रिएका छन् ।

कांग्रेसनिकट लोकतान्त्रिक इन्जिनियर्स समूह पनि चुनावी मैदानमा रहेको छ । यस समूहको नेतृत्व दिलीपकुमार झाले गरेका छन् । उपाध्यक्षमा ऋषि कोइराला र महासचिवमा कृष्णसिंह बस्नेत रहेका छन् । उपमहासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्षमा क्रमशः सुधीर गुरागाईं , रमिता श्रेष्ठ र सञ्जयकुमार महतो रहेका छन् । माओवादी केन्द्र, नेकपा समाजवादी र जनता समाजवादी पार्टीनिकटको एकीकृत प्रगतिशील इन्जिनियर समूहको नेतृत्व डा. हरिराम पराजुलीले गरेका छन् । उपाध्यक्ष र महासचिवमा क्रमशः न्हसला तुलाधर र डा. शंकर ढकाल छन् भने उपमहासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्षमा क्रमशः समित थापा, श्यामनारायण चौधरी र स्मिता भट्ट छन् ।

नेपाल मजदुर किसान पार्टीनिकट इन्जिनियर्स सोसाइटी नेपालका तर्फबाट राजेन्द्रप्रसाद हाडाको नेतृत्वको प्यानल चुनावी तयारीमा छ । यस प्यानलबाट उपाध्यक्षमा सबिन महर्जन, महासचिवमा रूपेश प्रजापति, उपमहासचिवमा सुनीता दुवाल, कोषाध्यक्षमा सुरेन्द्र राय यादव र सहकोषाध्यक्षमा रविन कासुला छन् ।

## इमरान...

आह्वान गर्ने उनले बताएका थिए। पाकिस्तानको संविधान अनुसार अविश्वास प्रस्ताव पारित गर्न संसदमा साधारण बहुमत भए पुग्छ। पाकिस्तानको संसदमा ३४२ सदस्य छन्। यसअनुसार अविश्वास प्रस्ताव पारित गर्न यसको पक्षमा १७२ भोट भए पुग्छ। त्यसैले विपक्षी गठबन्धन अविश्वासको प्रस्तावको पक्षमा बहुमत पुर्याउन सक्रिय छ।

इमरान खानको पार्टी पीटीआईसँग संसदमा १५५ सिट छ। उनको सरकार गठबन्धनका सहयोगी दलहरूको समर्थनमा चलिरहेको छ। इमरान खान नेतृत्वको सरकारका प्रमुख साझेदार दल पाकिस्तान मुस्लिम लीग कायद-ए-आजम (पीएमएल-क्यू) र मुत्ताहिदा कौमी मुभमेन्ट हुन्। यी पार्टीका नेताहरूले सरकारको सार्वजनिक रुपमा आलोचना गर्दै आएका छन्। यिनै आलोचक दलहरूलाई आफ्नो पक्षमा ल्याउन विपक्षी गठबन्धन सक्रिय छ। यद्यपि यी सहयोगी दलहरू इमरान खानको विपक्षमा उभिने स्पष्ट संकेत अहिलेसम्म नदेखिएको बीबीसीले जनाएको छ।

विपक्षी दलहरूले उच्च महँगीलाई प्रमुख मुद्दा बनाएर सरकारविरुद्ध अविश्वास प्रस्ताव ल्याएका छन्। विपक्षीको विरोधलाई रोकथाम गर्ने प्रयासमा प्रधानमन्त्री खानले पेट्रोलको मूल्य र बिजुलीको महसुलमा केही कटौतीको निर्णय गरेका छन्। साथै सामाजिक कल्याण योजना अनुसार अधिक अनुदान दिने लगायतको घोषणा पनि खानले गरेका छन्। पूर्व राष्ट्रिय क्रिकेट खेलाडी इमरान खानले पाकिस्तानको प्रधानमन्त्री पद सन् २०१८ को अगष्टदेखि सम्हालिरहेका छन्।

## पञ्जाबमा ...

पञ्जाबमा सरकार बनाउन ५९ सिट आवश्यक पर्ने भए पनि आपले करिब ९० सिटमा जित हात पार्ने निश्चितजस्तै देखिएको छ। सरकार बन्ने निश्चित भएसँगै पञ्जाबका विभिन्न ठाउँमा 'बल्ले बल्ले' शैलीमा आप समर्थकले खुसियाली मनाइरहेका छन्।

आम आदमीले यसपटक लोकसभा सदस्य भगवन्त मानलाई मुख्यमन्त्रीको उम्मेदवारका रूपमा उठाएको छ। डिजिटल प्लेटफर्मको सुरुवात हुनुभन्दा पहिले नै भगवन्त मान पन्जाबका घरघरमा सुनिएका र रुचाइएका पात्र हुन्। राजनीतिक व्यंग्यका लागि उनी निकै परिचित छन्। लोकसभा बैठकमा समेत उनका प्रस्तुति रोचक हुने गर्छ। उनले सन् २०११ मा पिपल्स पार्टी अफ पन्जाबबाट राजनीतिक यात्रा सुरु गरेका हुन्। तर सन् २०१४ मा भारतमा राष्ट्रिय रूपमा नरेन्द्र मोदीको लहर र दिल्लीमा आम आदमी पार्टी उदाइरहेका बेला मानले पार्टी परिवर्तन गरेका थिए।

## बुढीगण्डकी...

लाइसेन्स तीन वर्षदेखि 'होल्ड' गरेर राखे पनि अर्थमन्त्री जनार्दन शर्मा र गेजुबा कम्पनीका नेपाली एजेन्ट दीपक भट्टका दबाबमा विकल्प खोज्न नसकिएको स्रोतको दाबी छ। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय स्रोतका अनुसार अर्थमन्त्री शर्मा र एजेन्ट भट्टको स्वार्थकै कारणले बूढीगण्डकी आयोजना चिनियाँ कम्पनीबाट खोस्न नसकिएको हो। अर्थमन्त्रीले गेजुबा कम्पनीबाट बूढीगण्डकी परियोजना नखोसियोस् भनेरै यो प्रावधान घुसाएको स्रोतको दाबी छ।

मुलुकमा अहिले पनि हिउँद याममा ३-४ सय मेगावाट बिजुली भारतबाट आयात गरेर स्वदेशी माग धान्नुपर्ने अवस्था छ। अर्कोतर्फ राज्यले करिब ३५ अर्बभन्दा धेरै मुआब्जामा खर्चिएको आयोजना भने वर्षौंदेखि अलपत्र अवस्थामा छ। ट्र्याक्टेबल इन्जिनियरिङले सन् २०१५ मा तयार पारेको प्रतिवेदनले आयोजनाको कुल लागत २ खर्ब ७० अर्ब रूपैयाँ अनुमान गरेको थियो तर ढिलाइ भइरहेकाले आयोजनाको लागत बढ्ने निश्चित भइसकेको छ। सात वर्षको अवधिमा महँगी दर धेरै बढेकाले पनि आयोजनाको लागतको विषयमा अध्ययन गर्नुपर्ने विज्ञहरू बताउँछन्। ऊर्जा मन्त्री भुसालले नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनियरिङ कम्पनीलाई बूढीगण्डकी आयोजनाको लागत पुरावलोकनको प्रतिवेदन पेस गर्न निर्देशन दिएकी छन्। उक्त कम्पनीले सन् २०१५ सालमा अनुमानित लागतमा थप १ खर्ब बढी अर्थात ३ खर्ब ७० अर्ब लागत लाग्ने जनाएको बताइएको छ।